# लेखापरीक्षण प्रतिवेदन

## पन्चेश्वर गाउँपालिका, बैतडी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## पन्चेश्वर गाउँपालिका, बैतडी

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**

**काठमाडौ**

प.सं.:2081/82 मिति : २०८२-२-१०

च.न.:FAR/2080-81/LOC/683

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यु,
पन्चेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बैतडी।

**कैफियतसहितको राय**

हामीले पन्चेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु ९ करोड ७५ लाख ३५ हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१ करोड २८ लाख १६ हजार र गरीबसँग विश्वेस्वर कार्यक्रमको रु.७ लाख १७ हजार समेत गरी रु.११ करोड १० लाख ६८ हजार समावेश गरेको छैन।
२. गाउँपालिकाको रु.७२ करोड १२ लाख ४७ हजारको लेखापरीक्षण गरिएकोमा रू.१ करोड १९ लाख २८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.८० हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.१४ लाख ७३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५२ लाख ५१ हजार, नियमित गर्नुपर्ने रु.३७ लाख १५ हजार र पेस्की बाँकी रु.१४ लाख १० हजार रहेको छ। गत वर्षसम्म रु.२२ करोड ६६ लाख ८९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२३ करोड ६९ लाख ९० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत

वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पशुपति कुमार काफ्ले )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७२ | ६९ | १,१९,२७,९३२ | ० | १ | ८०,१११ | ० | ७२ | ६८ | १,१८,४७,८२१ | १४,७२,५९३ | ३७,१४,६५२ | ५२,५०,५७६ | ० | ० | ८९,६५,२२८ | १४,१०,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बैतडी | २२,६६,८८,९९२ | ० | १५,५२,७८६ | २२५११३६२०६ | ५७६० | १,१८,४७,८२१ | २३६९८९७८७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ८८ | वढी भुक्तानी | ८०,१११ |
| २ | २०७९/८० | २६ | शिक्षातर्फ | १,७५,७७६ |
| ३ | २०७९/८० | २७ | शसर्त चालु तर्फ - | ९६,५३७ |
| ४ | २०७९/८० | ४४ | बिमाको भुक्तानी - | ११,१८२ |
| ५ | २०७९/८० | २४ | प्रदेश पूँजीगततर्फ- | १०,४१,००० |
| ६ | २०७९/८० | २८ | ठेक्का नं. – R.C. P.R.M./03/2077/78 ग्वाल्लेक सडकनिर्माण योजना । | २,२८,२९१ |
| | | | | |

| | |
|---|---|
| जम्मा | १६,३२,८९७ |

# (८०७७४५०३३०० - पन्चेश्वर गाउँपालिका, बैतडी )

# पन्चेश्वर गाउँपालिका , बैतडी

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १२०.४१ वर्ग किलोमिटर क्षेत्रफल तथा १८७६६ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।१४ देखि २०८१।०५।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रू.७२ करोड १२ लाख ४७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.५७५१०।०० असुल भइ दाखिलाको प्रमाण पेश भएको छ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | उद्यम विकास कार्यक्रममा लागत सहभागिता न्यून कट्टि भएको | २९८१० |
| २ | आन्तरिक राजश्व दाखिला गर्न बाँकी रहेको | २७७०० |
| | जम्मा | ५७५१० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन विश्लेषण**

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। स्वीकत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ७२३४९२६४.३९ | ० | ७२३४९२६४.३९ | ७३४२५३९६.५८ | ० | ७३४२५३९६.५८ |
| १३००० | अनुदान | २६४६०५७३३.१४ | ० | २६४६०५७३३.१४ | ३१९३०७०९५.१९ | ० | ३१९३०७०९५.१९ |
| १४००० | अन्य राजस्व | २२०१६४६.१८ | ० | २२०१६४६.१८ | ९२२९८९.६८ | ० | ९२२९८९.६८ |
| १५००० | विविध प्राप्ति | १८३६३०. | ० | १८३६३०. | ० | ० | ० |
| क | **कुल जम्मा प्राप्ति** | ३३९३४०२७३.७१ | | ३३९३४०२७३.७१ | ३९३६५५४८१.४५ | | ३९३६५५४८१.४५ |
| ३ | चालु | २४७३८४७१५.१६ | ० | २४७३८४७१५.१६ | २६६९०६४३६.३५ | ० | २६६९०६४३६.३५ |
| २१००० | पारिश्रमिक / सुविधा | १७१५४१३०२.१९ | ० | १७१५४१३०२.१९ | १३५८९८२४०.९२ | ० | १३५८९८२४०.९२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ७१०९३९६७.९७ | ० | ७१०९३९६७.९७ | ९७८४११२८.७२ | ० | ९७८४११२८.७२ |
| २५००० | सहायता (Subsidy) | २१५४१५९. | ० | २१५४१५९. | २५८५७७७३.७१ | ० | २५८५७७७३.७१ |
| २७००० | सामाजिक सुरक्षा | २३२९७५०. | ० | २३२९७५०. | ६३१९८८३. | ० | ६३१९८८३. |
| २८००० | अन्य खर्च | २६५५३६. | ० | २६५५३६. | ९८९४१०. | ० | ९८९४१०. |
| ४ | पूंजीगत | ९००२८६४५.१४ | ० | ९००२८६४५.१४ | १२६९३८६५४.२६ | ० | १२६९३८६५४.२६ |
| ३१११० | भवन तथा संरचना | १७७८०४८१. | ० | १७७८०४८१. | २०२९४०००.२५ | ० | २०२९४०००.२५ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ५८६२४१५. | ० | ५८६२४१५. | ३४४७७६८. | ० | ३४४७७६८. |
| ३११३० | अन्य पूँजीगत खर्च | ५८५६८१३.५ | ० | ५८५६८१३.५ | ४५३७६२५. | ० | ४५३७६२५. |
| ३११५० | सार्वजनिक निर्माण | ५८१०८३९६.६४ | ० | ५८१०८३९६.६४ | ९६३७७४६६.०१ | ० | ९६३७७४६६.०१ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | २४२०५३९. | ० | २४२०५३९. | २२८१७९५. | ० | २२८१७९५. |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख) | **कुल जम्मा भुक्तानी** | ३३७४१३३६०.३ | | ३३७४१३३६०.३ | ३९३८४५०९०.६१ | | ३९३८४५०९०.६१ |
| ग) | **बचत /कमी (ग = क-ख )** | १९२६९१३.४१ | | १९२६९१३.४१ | -१८९६०९.१६ | | -१८९६०९.१६ |
| घ) | **धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | -१३५६८३०.७७ | | -१३५६८३०.७७ | १९३२५३१.५ | | १९३२५३१.५ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | -१८,६४३.७७ | | -१८,६४३.७७ | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | ५७००८२.६४ | | ५७००८२.६४ | १७४२९२२.३४ | | १७४२९२२.३४ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | २९३५९२०३.८५ | | २९३५९२०३.८५ | २७७४५२७२.५१ | | २७७४५२७२.५१ |
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | २९९२९२८६.४९ | | २९९२९२८६.४९ | २९४८८१९४.८५ | | २९४८८१९४.८५ |

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले यो वर्ष गरीबसँग विश्वेश्वर कार्यक्रममा भएको खर्च रू.७१७१००।००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा भएको खर्च रू.१२८१५६१०।०० र सामाजिक सुरक्षा तथा संरक्षणमा भएको खर्च रू.९७५३४५५७।०० समेत रू.१११०६७२६७।०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पुर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण भएको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू.२९३६१२०४।०० मौज्दात रहेकोमा यो वर्ष रू. २९३५९२०३.८५ जिम्मेवारी सारेको छ। जस अनुसार

लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.२०००.१५ घटी जिम्मेवारी सारेको देखियो। यस सम्बन्धमा पालिकाले यकिन गरी हिसाव मिलान गर्नु पर्दछ

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०००.१५ |

२.४ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. १८६४३.७७ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरी हिसाब मिलान गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,६४३.७७ |

२.५ **बैङ्क हिसाब विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण देहाय अनुसार पेश गरेको छ।

| चालुआ.ब. | | | | | |
|---|---|---|---|---|---|
| संकेत | कोषखाता | गतबर्षकोमौज्दातरकम | घट/बढनगद | मौज्दातरकम | बैकस्टेटमेन्टअनुसार |
| ग१.१ | आन्तरिकराजस्वखाता | ० | | ० | ० |
| ग१.२ | बाँडफाँडबाटप्राप्तराजस्वखाता | ० | | ० | ० |
| ग१.३ | आन्तरिकअनुदानखाता | ० | | ० | ० |
| ग६.१ | स्थानीयतहविभाज्यकोषखाता | ० | | ० | ० |
| ग४.१ | स्थानीयतहसञ्चितकोषखाता | १७४७४८२०.०५ | १९२६९१३.८१ | १९४०१७३३.८६ | १९४०१७३३.८६ |
| ग३.१ | स्धानीयतहधरौटीखाता | ७४९२७८८.५ | -१०५७५७१.५ | ६४३५२१७ | ६४३५२१७. |
| ग२.१ | चालूखर्चखाता- विजोरवर्ष | ० | -०.४ | -०.४ | ० |
| ग२.२ | चालूखर्चखाता- जोरवर्ष | ० | | ० | ० |
| ग२.३ | पूँजिगतखर्चखाता- विजोरवर्ष | ० | | ० | ० |
| ग२.४ | पुँजीगतखर्चखाता- जोरवर्ष | ० | | ० | ० |
| ग२.७ | विविधखर्चखाता | ४३९१५९५.३ | -२९९२५९.२७ | ४०९२३३६.०३ | ४०९२३३६.०३ |
| ग७.२ | स्थानीयतहप्रकोपव्यवस्थापनकोषखाता | ० | | ० | ० |
| जम्मा | | २९३५९२०३.८५ | ५७००८२.६४ | २९९२९२८६.४९ | २९९२९२८६.४९ |

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छनः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययिता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो किसिमको कार्यविधि बनाएको देखिएन।
- सम्पूर्ण कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणालीबाट मात्र गर्नुपर्नेमा सबै कारोवार सुत्र प्रणालीमा समावेश भएको देखिएन।
- वडा कार्यालयमा रहेको जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको देखिएन।
- पालिका प्रमुखले ३ दिनभन्दा बढी अवधिको भ्रमण आदेश कार्यपालिकाको वैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको देखियो।
- स्थायी तथा करार लगायत सम्पूर्ण कर्मचारीको तलब भुक्तानी गर्दा अनिवार्य रुपमा स्थायी लेखा नम्बर अद्यावधिक गरेको देखिएन।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्नेमा त्यस्तो अनुगमन गरेको देखिएन।
- स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम चौथो त्रैमासिकमा खर्च गरेको देखियो।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा वार्षिक खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा त्यस्तो योजना तयार गरेको देखिएन।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरी केन्द्रीय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था भएकोमा सो बमोजिमको विवरण तयार गरी सम्बन्धित निकायमा पेश गरेको देखिएन।
- निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख गरेको देखिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनको व्यवस्था बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरी बजेट व्यवस्थापन गरेको देखिएन।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९२, ९३ र ९४ मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण सम्बन्धमा भण्डार प्रमुख, कार्यालय प्रमुख तथा सम्बन्धित जिम्मेवार व्यक्तिलाई जिम्मेवार बनाएको छ। कार्यालयमा २०८१ असार मसान्तमा मौज्दात रहेका सबै जिन्सी सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS मा प्रविष्ट गरी वार्षिक मौज्दात विवरण अद्यावधिक गर्नुपर्नेमा त्यस्तो मौज्दा विवरण तयार गरेको देखिएन।
- म. ले. प. फाराम ८०१- बेरुजु लगत, म. ले. प. फाराम ८०२- बेरुजुको कार्यालयगत प्रतिवेदन राखेको देखिएन।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवाप्रवाह सुदृढ बनाउनु पर्दछ।

**४ आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्ने व्यवस्था छ। यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन रणनैतिक गन्तव्य स्पष्ट नहुने र सालवसाली विषयहरुमा केन्द्रित रहेको देखियो। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

**५ बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। पालिकाले ऐनमा उल्लिखित त्यस्तो समिति गठन गरेको देखिएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

## ६ बजेट व्यवस्थापन

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा चालु खर्च पुँजिगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम छुट्याउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पारित गरेको बजेटमा कूल व्यय अनुमान रू.३९५३६२२००।०० मध्ये रू. १८५४६२२००।०० लाई मात्र चालु खर्च र पुँजीगत खर्चमा छुट्याएर व्यय अनुमान गरेको छ। जस अनुसार ४७ प्रतिशत व्ययलाई मात्र खर्चको प्रकृति अनुसार छुट्याएको देखियो। बजेट व्यवस्थापनको सिद्धान्त अनुसार व्ययको लागि प्रस्ताव गरिने रकमहरु स्पष्ट रुपमा चालु, पुँजीगत र वित्तीय व्यवस्थाको रुपमा छुट्याएर बजेट व्यवस्थापनको सिद्धान्तको पालना गर्न पालिकाको ध्यान जानुपर्दछ।

## ७ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रू.३९ करोड ३६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो। ऐनमा तोकिएको अवधि भन्दा १५ दिन ढिलो गरी खर्च गर्ने अख्तियारी दिएको देखियो । तोकिएको अवधि भित्र प्रमुख प्रशासकीय अधिकृतलाई गर्न गर्ने अख्तियारी प्राप्त हुनु पर्दछ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ८ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ९ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष मिलान कोषको रुपमा राखेको रू.९२ लाख २० हजार कार्यपालिकाको निर्णयले विभिन्न योजनाहरुमा बाँडफाट गरी हिउँदे गाँउसभाबाट अनुमोदन गराएको देखियो। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेतलाई ख्याल नगरी पछि बाँडफाट हुने गरी अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ। यसरी ठूलो मात्रामा बजेट अबण्डामा राखी

कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको अवस्थामा बजेट व्यवस्थापन अपेक्षित भएको देखिदैन। तसर्थ बजेट खर्चलाई बजेट अनुशासन र पद्धतिमा आधारित बनाउनुपर्दछ।

१० **रकमान्तर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ। त्यस्तै स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वियन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुदा ३.१ मा पुँजिगत खर्चको रूपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने व्यवस्था छ। यस वर्ष पालिकाले पारिश्रमिक कर्मचारीको रकम रू.५००००००।०० र पारिश्रमिक पदाधिकारीको रकम रू.१३९००००।०० घटाएर करार सेवा शुल्क रकम रू.१८९००००।०० वढाएको देखिन्छ। पालिकाले बजेट यथार्थ परक तथा कानुन बमोजिम परिचालन गर्न ध्यान जानुपर्दछ।

११ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। जस अनुसार यो वर्ष रू.९ करोड २८ हजार निकासा भएकोमा दोस्रो त्रैमासिकमा रु. २ करोड ४९ लाख ६४ हजार अर्थात २७.७३ प्रतिशत, तेस्रो त्रैमासिकमा रु. २ करोड ५६ लाख ३१ हजार अर्थात २८.४७ प्रतिशत र चौथो त्रैमासिकमा रू. ३ करोड ९४ लाख ३२ हजार अर्थात ४३.८० प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र रू.२ करोड २५ लाख ९८ हजार अर्थात २५.१० प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | ९००२८६४५.१४ | ० | २४९६४५२७ | २५६३१३९९ | ३९४३२७१९ | २२५९८४७१ |
| प्रतिशत | १००.०० | ०.०० | २७.७३ | २८.४७ | ४३.८० | २५.१० |

१२ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने उल्लेख छ। कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको तोकिए बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। तोकिए बमोजिमको ढाँचामा वार्षिक विवरण बनाउन पालिकाको ध्यान जानुपर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | १-२५% | २५-५०% | ५०-७५% | ७५-१००% | कुलखर्च |
| २२५२२ | १७७ | ८४ | ७ | ९ | ७ | ७० | २५८७०००२ |
| ३११०० | १६४ | ७ | १ | २ | ६ | १४८ | ९००२८६४५.१४ |
| जम्मा | ३४१ | ९१ | ८ | ११ | १३ | २१८ | ११५८९८६४७.१४ |

- पालिका बाट प्राप्त उल्लिखित विवरण अनुसार ३४१ कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगती भएको ९१ कार्यक्रम छन। ७५ प्रतिशत भन्दा बढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या २१८ वटा रहेको छ।
- शुन्य प्रगती हासिल हुनको कारण वजेट नै अर्को कार्यक्रममा रकमान्तर गरि लाने तथा वजेट भएपनि कार्यक्रम कार्यान्वयन नगरेको कारण शुन्य प्रगति भएको देखियो।
- ३४१ आयोजना मध्ये खर्च नै नभएको ९१ योजना तथा कार्यक्रम बाहेक २५० योजना तथा कार्यक्रममा रु.११करोड ५८ लाख ९८ हजार खर्च गरेको छ।

लक्ष्यअनुसारको प्रगती हासिल गर्न पालिकाको ध्यान दिनुपर्छ ।

## १३ योजना तर्जुमा तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष रू.१ लाख भन्दा कमका २३ योजनामा रू. १९ लाख ७८ हजार, रू. १ लाख भन्दा वढी ५ लाख सम्मका ११२ आयोजनामा रू. २ करोड ७९ लाख ५० हजार खर्च गरेकोछ। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन।

| विवरण | योजनासंख्या | बजेटखर्चरु |
|---|---|---|
| ० | ७ | ० |
| १लाखसम्म | २३ | १९७८९८३ |
| १देखि५लाखसम्म | ११२ | २७९५०३७४.२० |
| ५देखि१०लाखसम्म | ७ | ४९१२१३८.८८ |
| १०देखि२०लाखसम्म | ४ | ५३८६०२६. |
| २०देखि५०लाखसम्म | ७ | २०२३८६६२. |
| ५०लाखदेखिमाथी | ४ | २९५६२४६१.०६ |
| **जम्मा** | **१६४** | **९००२८६४५.१४** |

## १४ फरक बजेट खर्च शिर्षक

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा विनियोजन ऐन तथा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रहि बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्बन्धित लेखाउत्तरदायी अधिकृत र सम्बन्धित जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। पालिकाले यो वर्ष विनियोजन ऐन अनुसार पुँजीगत शिर्षकमा विनियोजित रकमबाट निम्नानुसार चालु प्रकृतिको खर्च लेखेको देखियो। खर्चको प्रकृति अनुसार चालु र पुँजिगत शिर्षकमा विनियोजन हुने सिद्धान्त विपरीत पुँजिगत शिर्षकबाट चालु प्रकृतिका खर्च लेख्नु बजेट सिद्धान्त अनुरुप देखिएन। यसरी शिर्षक फरक पारि गरिएको खर्चलाई नियमित गर्नु पर्छ।

| भौ न मिति | खर्चको प्रकृति | रकम | कैफियत |
|---|---|---|---|
| | विपद व्यवस्थापन सहयता | १४१४००।०० | आर्थिक सहयता तथा विपदमा वितरण भएको राहतमा भएको खर्च |
| ३४९।३।२१ | स्वयम सेवक शिक्षकको तलव | १२००००।०० | |
| | जम्मा | २६१४००।०० | |

| | |
|---|---|
| अनियमित भएको | २,६१,४०० |

## १५ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४४ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

| | अनुदानको प्रकार | प्राप्त रकम | खर्च | बाकी रकम | फिर्ता | फिर्ता गर्न बाकी |
|---|---|---|---|---|---|---|
| संघ | शसर्त अनुदान चालु | १८०८५८०००. | १६१६२५५९७.७ | १९२३२४०२.३ | १९३३२६४७.९४ | -१००२४५.६४ |
| | शसर्त अनुदान पुँजीगत | ५७०००००. | ५६७३७१०. | २६,२९०.०० | २६,२९०.०० | ०. |
| | विषेश अनुदान चालु | ७४६३८३०. | ७३४२६५३. | १२११७७. | २०९३२.८ | १००२४४.२ |
| | समपुरक अनुदान पुँजीगत | ३२७०२६५. | ३२७०२६५. | ० | ० | ०. |
| प्रदेश | शसर्त अनुदान चालु | ५५००००. | ५२८०००. | २२,०००.०० | २२,०००.०० | ०. |
| | शसर्त अनुदान पुँजीगत | १२०००००. | ७५२३२३.८८ | ४४७६७६.१२ | ४४८४९१.१२ | -८१५. |
| | विषेश अनुदान चालु | ० | ० | ० | ० | ०. |
| | समपुरक अनुदान पुँजीगत | ३४४६०००. | ३४४५१८५. | ८१५. | | ८१५. |
| जम्मा | | २०२४८८०९५. | १८२६३७७३४.५८ | १९८५०३६०.४२ | १९८५०३६१.८६ | -१.४४ |

## १६ अनुगमन

समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुदाँ न ११ र सुदूर पश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को बुदा नं. १२ माअनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ ।

| क्र स | स्रोत | संचालित योजनाहरु | बजेट खर्च |
|---|---|---|---|
| १ | संघीय समपुरक अनुदान | कुलाउँ घडेला हुदै ढोयाघाट सम्म सडक विस्तार | २५५६२९०।०० |
| | | कुलाउँ घडेला हुदै ढोयाघाट सम्म सडक विस्तार दोस्रो | ४०३१३६१।०० |
| २ | संघीय बिशेष अनुदान | महिला सशक्तिकरण लागि उद्यमशिलता विकास कार्यक्रम | ७३७१९५६।०० |
| **जम्मा** | | | **६५८७६५१।००** |
| १ | प्रदेस समपुरक अनुदान | भएको ३४४५१८५।०० खर्च भएको | ० |
| | | पालडी धर्माघाट सडक निर्माण तथा स्तोरन्ती | २२६८००० |
| २ | प्रदेश विशेष अनुदान | ग्वालेक सडक निर्माण | २१३७१८५ |
| | | जम्मा | ४४०५१८५ |
| **कूल जम्मा** | | | १०९९२८३६ |

१७ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा स्थानीय तहले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तिममा एक पटकमात्र गरेको देखियो। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१८ **जिन्सी निरीक्षण प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९२, ९३ र ९४ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिनाभित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। पालिकाले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने विभिन्न जिन्सी ४२ थान र लिलाम गर्नु पर्ने विभिन्न जिन्सी २७५ थान देखिन्छ। नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१९ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार फर्म तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई गत वर्षको रू.५४०००००।०० र चालु आ.व.को रू.१०१००००।०० समेत रू.६४१००००।०० म्याद नाघेको पेश्की बाँकी रहेको देखियो। नियमानुसार पेश्की फर्स्यौट गर्नुपर्दछ । (भिभाकन्स्ट्रक्सन एण्ड ईन्जिनियरिङ्ग कन्सर्न प्रा.लि.लाई दिएको पेश्की रू ५० लाख गत वर्ष २०७९।८० को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा पेश्की बेरूजू लगती व्यहोरा समावेस भएकोले यो वर्ष लगती व्यहोरा कायम नगरिएको)

| पेश्कीकोविवरण | पेश्कीलिनेब्यक्तीफर्मवाकम्पनीकोनाम | चालुआ.व.को | गतआ. व.सम्मको |
|---|---|---|---|
| | | म्यादनाघेको | म्यादनाघेको |
| ठेकेदार | | | |
| कुलाउदेखिघडेलाहुँदैढोयाघाटसम्मसडकबिस्तार | श्रीबोकटीएण्डब्रदर्शकन्सट्रक्सन | ५३००००. | |
| संस्थागत | | | |
| अन्यसार्वजनिकनिर्माण | भिभाकन्स्ट्रक्सनएण्डइन्जिनियरिङ्गकन्सर्नप्रा.लि. | | ५००००००. |
| गतआवकोभुक्तानिबाकि | बैतडीजिल्लाखेलकुद समिति | १०००००. | |
| उपभोक्तासमिति | | | |
| विद्युतविस्तार | गर्मागाडदेखिपालिकाभवनसम्मविद्युतविस्तारनिर्माणयोजना | | ४०००००. |
| विद्युतविस्तार | सैलोडादेखीकुलाउवडाकार्यालयसम्मविद्युतयोजना | २३००००. | |
| व्यक्तिगत | | | |
| अध्यक्षसँगयुवातथाविद्यार्थीकार्यक्रम | नविनसिंहभण्डारी | १०००००. | ० |
| एम्बुलेन्सखरिद | प्रमलसिंहघटाल | ५००००. | ० |
| जम्मा | | १०१०००० | ५४००००० |

| | |
|---|---|
| पेश्की | १४,१०,००० |

२० **अधुरो योजना तथा दायित्व बाकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा बजेट तर्जुमा गर्दा प्रचलित कानून बमोजिम सृजित दायित्वको लेखाजोखा गर्नु पर्ने र अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को बुदा न ४.१.५ मा बजेट अनुमान गर्दा गत वर्षको भुक्तानी दिन बाकी दायित्वको लागि आवश्यक बजेट अनुमान गरे पश्चात मात्र अन्य पुजिगत कार्यक्रमको लागि बजेट अनुमान गर्नु पर्ने व्यवस्था छ । पालिकाले गत आर्थिक वर्ष २०७९।८० को भुक्तानी दिन बाकी शिर्षकमा रू. ९२२००००।०० र अल्याको भुक्तानी बाँकी रू.९००००००।०० समेत रू.१८२२००००।०० यो वर्ष बजेटमा राखि ब्ययको अनुमान गरिएको छ। आगामी वर्षको लागि समेत दिर्घकालिन अवधिको लागि दायित्व सृजना हुने गरी कार्यक्रम तथा योजना छनौट गर्दा दिगो विकास हुने रोजगारमूलक प्रकृतिका आयोजना छनौट गर्नु पर्नेमा साना साना योजनाहरु छनौट गरी सोको लागि थोरै रकम विनियोजन गर्ने र अधुरो योजनाको रुपमा आगामी वर्ष समेतसोही साना योजनाहरुमा बजेट निरन्तर विनियोजन गर्न लगाउने प्रवृत्तिले बजेट खर्च उत्पादनमूलक नहुनुका साथै नयाँ नीति तथा कार्यक्रमको कार्यान्वयनमा समेत प्रभाव परेको देखीयो। अतः यस प्रकारको बजेट व्यवस्थापनमा नियन्त्रण कायम हुनु पर्दछ ।

२१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११८ दरबन्दी स्वीकृत रहेकोमा ८३ स्थायी र ३५ करारमा राख्ने गरी संगठन सर्भेक्षण गरी कार्यापालिकाबाट स्वीकृत भई गाउँसभाबाट अनुमोदन भएको छ। लेखापरीक्षण अवधिसम्म

४४ पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, प्रशासन अधिकृत सहितका पदहरू रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

२२ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न कार्यालय सहयोगी, हलुका सवारी चालक जस्ता पदमा ६४ कर्मचारीहरु करारमा राखी रू.८५५३८९२ खर्च लेखेको छ। पालिकाले स्थायी पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्छ।

२३ **तलवी प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र निजामती कर्मचारीको तलवी प्रतिवेदन निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं.नं. १८० मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट स्थानीय तहमा खटिएका कर्मचारीहरूको जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन गर्न परिपत्र गरेको छ। पालिकाले यस वर्ष गाउँपालिका तथा स्वास्थ्य संस्थामा कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलवमा खर्च गरेको छ। यो वर्ष पालिकाले कानुन अनुसार तलवी प्रतिवेदन पारित नगराई रू.३१७४१५६४.२८ तलव खर्च लेखिएकोमा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन। ऐनको व्यवस्था बमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।

२४ **पदाधिकारी सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू. ७२८४६१०.८ खर्च गरेकोमा पालिकाको आन्तरिक आय रु. ३४०१५७७.१६ रहेको छ। आन्तरिक आयको तुलनामा करिब दुई गुणा बढी खर्च पदाधिकारी सुविधामा भएको देखिएको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

२५ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारीको बैठक भत्ता रू. ३०००००।००, कर्मचारीको बैठक भत्ता रू.२५६८१५।०० र अन्य बैठकमा रू ११२८४००।०० गरी जम्मा रु. १६८५२१५ खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

२६ **खाना तथा विविध खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना खाजा सभा संचालन अतिथि सत्कार तथा अन्य विविध शिर्षकमा रू.२०६०२४०।७६ खर्च गरेको छ। विविध खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ।

२७ **स्रोतगत लागत**

कुनै पनि तह तथा निकायबाट प्राप्त सशर्त अनुदान वापतको रकम सोहि कामको लागि खर्च हुनुपर्दछ। प्रदेश समपुरक अनुदानबाट संचालित योजना ग्वालेक सडक निर्माण कार्यमा भएको ढिलाईका सम्बन्धमा कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार जरिवाना वापत रू. २२८२९१।०० कट्टि गरी संघीय बेरुजु खातामा दाखिला गरेको देखियो। उक्त योजनाको लागत प्रदेश सरकार र स्थानीय तहको स्रोतबाट बराबर व्यहोरिने भएकोले पुर्वनिर्धारित क्षतिपुर्ति समेत दुबै सरकारको कोषमा बराबर अनुपातमा दाखिला हुनुपर्ने भएकोले संघीय सञ्चित कोषमा दाखिला गरेको मिलेन। संघीय सञ्चित कोषबाट स्थानीय तथा प्रदेश सञ्चित कोषमा रकम फिर्ता ल्याउन आवश्यक पहल गर्नुपर्दछ।

२८ **नगर खेलकुद कार्यक्रम**

सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद २ मा खरिद कारवाहिको तयारी अन्तर्गत खरिद योजना बनाई सोही अनुसार विधिवत रुपमा लागत अनुमान तयारी गरी ऐन नियमावलीमा तोकिएको कुनै खरिद विधि छनौट गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकार अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ मा खर्चको प्रकृति अनुसार बजेट खर्च शिर्षकको ब्याख्या गरेको छ। पालिकाले यो वर्ष निम्नानुसार विभिन्न समयमा खेलकुद कार्यक्रम अन्तर्गत खरिद योजना र लागत अनुमान वेगर सोझै व्यक्ति वा संस्थालाई पेश्कीको रुपमा रकम उपलव्ध गराई खेलकुदका सामाग्री, खेलाडी तथा प्रशिक्षकको पोशाक, खाना खाजा तथा होटेल बास खर्च, यातायात खर्च वापत पुँजीगत खर्च शिर्षकबाट रू.२३२१७९२।०० खर्च गरेको छ। चालु प्रकृतिको खर्चलाई पुँजीगत शिर्षक कायम गरी गरेको कार्यबाट बजेट अनुशासन पालना भएको भन्न सकिने देखिएन। त्यसै गरी पालिकाले यो वर्ष खेलकुदमा खर्च गरेको रकम कूल पुँजीगत बजेट खर्चको ०.८९ प्रतिशत हुन जान्छ। खरिद नियम कानूनमा भएको कुनै एउटा विधिको अधिनमा रहि खरिद कार्य गर्नुका साथै बजेटरी नियन्त्रणको सिद्धान्त अनुरुप तयार भएको बजेट व्यवस्थापन सम्बन्धी नीतिगत प्रावधान समेतलाई ख्याल गर्दै खरिद तथा खर्च व्यवस्थापन हुनुपर्दछ। पालिकाले आफ्नो आवधिक योजनाले तय गरेको प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी दिर्घकालिन लक्ष्य प्राप्तिमा केन्द्रित हुनुपर्दछ।

२९ **सफ्टवेयरको उपयोग**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था छ। प्राप्त विवरणबाट पालिकाले निम्नानुसार सफ्टवेयर खरिद गरी सञ्चालनमा ल्याएकोमा सूचना प्रविधि विभागबाट स्वीकृति लिएको देखिएन। खरिद गरिएको सफ्टवेयर निर्धारित उद्देश्यको लागि प्रयोगमा ल्याउनुका साथै निर्देशिका अनुसार स्वीकृति लिनु पर्दछ। सबै सफ्टेयर छरिएर रहेकोले एउटै प्रणालीमा आवद्ध हुने गरी सुचना व्यवस्थापन प्रणालीलाई एकिकृत र व्यवस्थित बनाउन पालिकाको ध्यान जानु पर्दछ।

| सफ्टवेयरको नाम | विक्रेता वा दिने संस्थाको नाम | खरिद भएको भए खरिद रकम वा निशुल्क भए निशुल्क | हाल संचालनमा रहेको नरहेको वा हस्तान्तरण भएको | प्राप्त हुन आएको आ व |
|---|---|---|---|---|
| अफिस अटोमेसन व्यवस्थापन प्रणालि सम्बन्धि सफ्टवेयर जडान | जियो सफ्ट टेक्नोलोजी | ४९८३३०।०० | संचालनमा रहेको | २०८०।८१ |

३० **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई भएको राजश्व बाँडफाँटको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यस स्थानीय तहले आर्थिक सहायता प्रयोजन वापत यो वर्ष विभिन्न व्यक्तिलाई रू.५४६०००।०० आर्थिक सहायता वितरण गरेको पाइयो। पालिकाको आफ्नो आन्तरिक आय न्युन रहेको अवस्थामा यस्ता खर्चलाई निश्चित मापदण्डमा राखी मितव्ययिता कायम गर्नुका साथै त्यस्तो खर्च आफ्नो वेभसाइट मार्फत सार्वजनिक समेत गर्नुपर्दछ।

३१ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र सबैभन्दा बढी कम १.०६५ प्रतिशत र सामाजिक विकासमा सबै भन्दा बढि ६१.१९ प्रतिशत खर्च भएको देखियो। आवधिक योजना बनाइ दिगो विकासका अल्पकालिन तथा दिर्गकालिन लक्ष्य अनुसार बजेट कोडिङ गरी सोही अनुसार बजेट विनियोजन तथा व्यवस्थापन हुनुपर्दछ।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | २४६५०५००. | २००३६५२३.६३ | ५.९ |
| २ | सामाजिकविकास | २३५७४७९००. | २०६४५२८४२.०३ | ६१.१९ |
| ३ | पूर्वाधारविकास | ६३१०७९५०. | ५१७८३५६५.६ | १५.३४ |
| ४ | सुशासनतथाअन्तरसम्बन्धितक्षेत्र | ६००५९६०. | ५५९१३६४.५ | १.६५ |
| ५ | कार्यालयसञ्चालनतथाप्रशासनिक | ६४१५२८९०. | ५३५४९०६४.५४ | १५.८७ |
| कुलजम्मा | | ३९३६६५२००. | ३३७४१३३६०.३ | १०० |

## ३२ ईन्धन

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ अनुसार मोटरसाइकल प्रयोग गर्ने कर्मचारीले मासिक १० लि. ईन्धन उपलव्ध गराइने तथा अन्य सवारी साधनको लागी प्राप्त हुने ईन्धनको सोही अनुसार मापदण्ड तोकिएको छ। प्राप्त विवरण अनुसार पालिकामा २ पाङ्ग्रे २४ थान, स्कारपियो १ थान, टिपर १ थान, जेसिबि १ थान र एम्बुलेनस १ थान रहेको देखियो। यो वर्ष ईन्धन कार्यालय प्रयोजन शिर्षकमा रू.३३७४७५।०० र इन्धन पदाधिकरी शिर्षकमा रू ३४९९६४।०० समेत गरी रू ६८७४३९।०० खर्च गरेको छ। पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिइने इन्धनको उपयोगको विवरण खुल्ने अध्यावधिक अभिलेख राखेको पाइएन। त्यसै गरी टिपर जेसिबी लगायतको प्रयोग घण्टा खुल्ने मासिक तथा वार्षिक अद्यावधिक विवरण समेत राखेको देखिएन। जसले गर्दा मापदण्ड अनुसारको ईन्धन खपत भए नभएको एकिन गर्न सकिएन। Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी इन्धन खर्चलाई मितव्ययी र निश्चित मापदण्डमा आधारीत बनाउनु पर्दछ।

## ३३ सवारी साधन मर्मत खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ। पालिकाले सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकामा २ पाङ्ग्रे २४ थान, स्कारपियो १ थान, टिपर १ थान, जेसिबि १ थान र एम्बुलेनस १ थान रहेकोमा यो वर्ष सवारी साधन मर्मतमा रू.१३८३०००।०० खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। मर्मतलाई व्यवस्थित र मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाकन गरी अद्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान जानु पर्छ।

## ३४ शिक्षकको तलब भत्ता

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वियन पुस्तिकाको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। पालिकाले दरबन्दी स्वीकृत नगरी विभिन्न विद्यालयहरुमा ६४

शिक्षक करारमा नियुक्त गरी यो वर्ष रू.१५२४६६६६.६६ तलब भत्ता वापत भुक्तानी गरेको देखियो। कार्यबोझ र पालिकाको आफ्नो आयको आकार समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ।

३५ **शव व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पालिका अन्तर्गतका ५ मृतकको शव व्यवस्थापनमापुँजिगत शिर्षकबाट रू.१६१०००।०० खर्च गरेको छ। पालिकाले एउटा शव व्यवस्थापन गर्न रू.१६०००।०० देखि रू.४५०००।०० सम्म गाडी वा ट्याक्टरको सोझै भाडामा लिई भुक्तानी गरेको देखिन्छ। पालिकाले असहाय र विवारिसे शव व्यवस्थापनमा विपद व्यवस्थापन तथा आर्थिक सहयता सम्बन्धी कार्यविधिले निर्धारण गरेको प्रक्रिया तथा सार्वजनिक खरिद ऐन नियमको व्यवस्था अनुसार बजेट खर्च गर्नुपर्दछ।

| भौन मिति | शव व्यवस्थापन भएको मृतकसंख्या | रकम |
|---|---|---|
| 33।7।23 | १ | १६००० |
| 33।7।23 | १ | ३०००० |
| 224।1।21 | २ | ९०००० |
| 328।3।16 | १ | २५००० |
| Total | ५ | १६१००० |

३६ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। कर्मचारी तथा पदाधिकारीलाई थप आर्थिक सुविधा उपलव्ध गराउदा कार्यवोझ विश्लेषण गरी उक्त थप आर्थिक व्ययभार व्यहोर्ने उपयुक्त आयस्रोत र कानूनी आधार समेतलाई ध्यानमा राख्नु पर्दछ। पालिकाले यो वर्ष कानुन नबनाई आन्तरिक आय र कार्यवोझको विश्लेषण समेत नगरी मिति २०८०।४।३१ को कार्यपालिकाको निर्णयबाट निम्नानुसार पदका कर्मचारीलाई प्राविधिक फिल्ड भत्ता वापत कूल रू. ५०००००।०० खर्च गरी गाँउ सभाको निर्णयले अनुमोदन गरेको छ। पालिकाकाको आन्तरिक आय गत वर्ष रू ३५ लाख ५४ हजार ६८१ भएकोमा यो वर्ष रू ३१ लाख १ हजार ५७७ संकलन भएको देखियो। आन्तरिक आय समेतलाई विचार गरी कानून तथा आवश्यक मापदण्ड निर्धारण गरी प्रोत्साहन भत्ता वापत रकम भुक्तानी गर्नुपर्दछ।

| क्र स | पद | संख्या | जम्मा काम गरेको महिना | मासिक फिल्ड भत्ता रू | वार्षिक रू |
|---|---|---|---|---|---|
| १ | ईन्जिनीयर छैटौ | १ | ४ | १५०००।०० | ६००००।०० |
| २ | सव ईन्जीनियर | २ | ४ | १३०००।०० | १०४०००।०० |
| ३ | असिस्टेण्ट सव ईन्जिनीयर | ७ | ४ | १२०००।०० | ३३६०००।०० |
| | जम्मा | | | | ५०००००।०० |

३७ **शव व्यवस्थापनमा अधिक खर्च**

जिल्ला अस्पताल बैतडीले रू.१० हजारमा शव व्यवस्थापन या शवलाई आर्यघाट सम्म पुर्याउने दर तोकिएकोमा पालिकाले यो वर्ष एउटा शव व्यवस्थापन गर्न रू.१६ हजार देखि रू.४५ हजार सम्म खर्च गरेको देखियो। एउटा शवलाई व्यवस्थापन गर्ने काममा अत्याधिक खर्च

उचित देखिएन। तसर्थ रू.२५ हजार सम्मलाई केहि हद सम्म सामान्य लिएता पनि सोभन्दा बढि खर्च लिएको रकम अस्वभाविक देखिएकोले बढी खर्च लाग्ने कारण पेश गर्नुपर्ने अन्यथा असुल हुनु पर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,००० |

३८ **अन्य सस्थाको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा निश्चित लक्ष्य तथा मापदण्ड तोकी खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार बढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क्र स | विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १७।७।१५ | प्रहरी चौकी | मोटरसाइकल मर्मत | ५८७५०।०० |
| १०२।१०।२१ | प्रहरी चौकी | मोटर साइकल मर्मत | ११६२८२।०० |
| १०२।१०।२१ | प्रहरी चौकी | मोटर साइकल मर्मत | १२३८००।०० |
| २२८।१।२१ | चतुर्वाहु सहकारी | भवन निर्माण | २६५५३६।०० |
| ३७०।३।२४ | जनसेवा कृषि सहकारी संस्था लिमिटेड | ल्यापटप खरिद हस्तान्तरण | ७०५०२।०० |
| | | | ६३४८७०।०० |

३९ **विद्युतको बिल**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ को उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालीकाले ( गो.भौ.नं.२६५) बाट रू.२६१८९।०० को विद्युत महसुल भुक्तानी गरेकोमा प्रमाण संलग्न गरेको छैन ।विद्युत महसुल भुक्तानी गर्दा प्राप्त निस्सा पेश गर्नु पर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,१८९ |

४० **घरभाडा खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यो वर्ष पालिकाले घरभाडा वापत रू.१९९२००।०० खर्च गरेको छ। पालिकाले भाडामा लिइएका भवनहरु कार्यालयकै प्रयोजनमा उपयोग भैरहेको सुनिश्चितता गर्न सकिएन। अत्यावश्यक कार्यमा मात्र कार्यालय भाडामा लिइएको सुनिश्चितता हुनुपर्दछ।

४१ **खर्च बिश्लेषण**

पालिकाले यो वर्ष कुल आन्तरिक आयबाट रू.३४०१५७७।१६, राजस्व बाँडफाँटबाट रू.७१३३२९६३।४१, अन्य अनुदानबाट रू.२८४४५६०९५।०० तथा अन्य प्राप्ति रू.१७०४९९९।४८ समेत रू.३६०८९५६३५।०५ प्राप्त भएकोमा चालु तर्फ रू.२४७३८४७१५।२०, पूँजीगत तर्फ रू.९००२८६४५।१० तथा अन्यकोष तर्फको भुक्तानी समेत रू.३०६१७७०।३० समेत रू.३४०४७५१३०.५७ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १० प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ७२.६५ प्रतिशत चालु र २६.३५ प्रतिशत पूँजीगत खर्च भएको देखियो। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। चालु खर्चलाई पुँजिगत खर्चको दिगोपना बढाउन प्रयोग गर्दै चालु खर्चलाई वाञ्छित सीमामा राख्न आवश्यक मापदण्ड बनाउनु पर्दछ।

## ४२ आन्तरिक नियन्त्रण प्रणाली

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ र सोही नियमावलीको नियम ८१ मा आन्तरिक नियन्त्रण कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको वापत हुनैनाथ कन्सल्टिङ्ग प्रा.लि. रू ४८९२९०।०० भुक्तानी गरेको छ। उक्त प्रणालीलाई कार्यान्वयनमा ल्याउनु पर्दछ।

## ४३ वडाको बिबिध

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। यो वर्ष पालिका अन्तर्गतका निम्नानुसार वडा कार्यालयहरुलाई विभिन्न मितिमा विविध शिर्षकबाट वडालाई रू १२५९३२०।०० भुक्तानी गरेको छ। विवधि खर्च वडा कार्यालयहरुको खाना नास्ता, खाद्य समाग्री तथा अन्य सामानहरु खरिद गरेको बिल भरपाईको आधारमा खर्च लेखेको देखिन्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र खाना खाजा जस्ता विविध प्रकृतिका खर्च बीच आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

| सि.नं. | वडानं. | खर्चरकम |
|---|---|---|
| १ | १ | २४२००० |
| २ | २ | २०१६८७ |
| ३ | ३ | १६१३५० |
| ४ | ४ | २१७३५० |
| ५ | ४ | १५४५७० |
| ६ | ५ | १६१३५० |
| ७ | ६ | १२१०१२.५ |
| | | १२५९३२० |

## ४४ वितरणमुखी खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी सोहि ऐनको दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार वितरणकारी प्रकृतिको कार्यमा रू ७२०३७।०० खर्च गरेको देखियो। तसर्थ वितरणमुखी खर्चलाई नियन्त्रण गरी पुँजि तथा स्वरोजगार सृजना क्षेत्रमा बढि जोड दिनुपर्दछ।

| क्र स | विवरण | भुक्तानी रकम |
|---|---|---|
| १ | दलित लक्षित कार्यक्रम मार्फत ५० थान बल्याङ्केट विवरण | ७२०३७।०० |

## ४५ नियम पालन नगरी बिज्ञापन खर्च

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६(क) को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चार माध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ। पालिकाबाट यो वर्ष भुक्तानी भएका केही सूचना तथा विज्ञापनको

नमुना छनोट गरी परीक्षण गर्दा निम्नानुसार सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन तथा सूचना प्रकाशन गरी रू.५७५३९७।४१ भुक्तानी गरेकोमा सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन। यस कार्यालयबाट विज्ञापनबापत भुक्तानी गर्दा उल्लिखित वेहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम बिज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्दछ।

| भौ न मिति | सुचना प्रकाशान गर्ने एजेन्सीको नाम | भुक्तानी भएको रकम | ३ प्रतिशतले हुने रकम |
|---|---|---|---|
| ५५।८।१५ | नेश्नल मिडीया एजेन्सी | ६९९२४।४१ | २०९८।०० |
| ५५।८।१५ | डिभाइन एम एजेन्सी | १३६१५०।०० | ४०४८।५० |
| १०७।१०।२१ | सहर्षा सप्लायर्स प्रा लि | ८०६८२।०० | २४२०।४६ |
| १२०।११।६ | ग्वालेक मिडीया प्रा लि | ३९५५०।०० | ११८६।५० |
| २९९।३।५ | ए एन एन मिडीया | १२१०२३।०० | ३६३०।७० |
| ३२१।३।१२ | जिके एडभर्टाइजिङ एणड डकुमेण्ट्री एण्ड कम्युनिकेशन सेण्टर | ५३७८८।०० | १६१३।६४ |
| ३२१।३।१२ | स्क्रिजन ईन्टरनेश्वनल मिडीया प्रा लि | ७३२८०।०० | २१९८।४० |
| जम्मा | | ५७५३९७।४१ | १७१९६।२० |

| प्रमाण पेश नगरेको | १७,१९६.२ |
|---|---|

४६ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नुहुदैन भनी उल्लेख छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान शिलबन्दी दरभाउपत्रको माध्यमबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न मितिमा रू.२४१७९९९.६ मालसामान खरिद कार्यको प्रकृतिअनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सीमा अनुसार दरभाउ पत्रमार्फत कार्य गराउनु पर्नेमा निम्नानुसारको पटक पटक गरी विभिन्न आपुर्तिकर्ताहरुबाट खरिद गरिएकोले ऐनको उल्लिखित मनसाय पुरा भएको देखिएन। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | मसलन्द तथा कार्यालय सामाग्री | २०१६८७४.६ |
| २ | मसलन्द तथा कार्यालय सामाग्री | २७३१२५.०० |
| ३ | मसलन्द सामान खरिद (सेवा केन्द्र सञ्चालानार्थ) | ५००००.०० |
| ४ | रोजगार सेवा केन्द्रको लागी मसलन्द खर्च | ७८०००.०० |
| | | २४१७९९९.६० |

४७ **भ्रमण खर्च अभिलेख**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मितिसमेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ।

पालिकाले यो वर्ष पदाधिकारी र कर्मचारीलाई अनुगमन र मूल्याङ्कनमा रू.२०२१२६३।१० र भ्रमण खर्च रू.९७०५२१।०० गरी जम्मा रू.२९९१७८४।१० खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन संलग्न राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमण वापत भएको खर्चको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

४८ **सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका ६ वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ८३६ |
| मृत्युदर्ता | २६६ |
| बसाईसराई दर्ता | २३९ |
| विवाह दर्ता | १७८ |
| सम्बन्धविच्छेद दर्ता | २ |

४९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यसकार्यक्रमलाई थप व्यवस्थि तरुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेकोछ। यस पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ६ वटा वडाहरुमा ८ वटा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस आर्थिक बर्षमा ८३ जनालाई रोजगारी उपलव्ध गराई रू.५५४४४००। खर्च गरेको विवरण पालिकाले उपलब्ध गराएको छ। लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

५० **उद्यशीलता विकास कार्यक्रम**

विशेष अनुदान कार्यविधि, २०७५ को बुदा नं. ४ मा स्थानीय तहले विशेष अनुदान माग गर्दा योजनाको प्रस्ताव तयार गर्नु पर्ने र बुदा न ११ मा कार्यक्रम प्रभावकारी रूपमा लक्षित प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा सम्बन्धित प्रदेश वा स्थानीय तहले नियमित रूपमा अनुगमन गर्नुपर्ने व्यवस्था रहको छ। महिला सशक्तिकरणका लागि उद्यशीलता विकास कार्यक्रम सञ्चालन गरेकोमा रू.७३७१९५६।०० खर्च भएको देखिन्छ। उक्त कार्यक्रमको लक्ष्य ६ वटै वडाका ३० जना महिलाहरुले स्थानीय सम्भावनामा आधारित ब्यवसाय सञ्चालन

सम्बन्धी तालिम दिई उद्यम दर्ता हुने, महिलाहरुको आयमा बृद्धि हुने, महिलाको सम्पत्तिमा हक स्थापना हुने, सामाजिक बिभेद, पारिवारिक हिंसा वा अन्य कारणले बिस्थापित अवस्थामा रहेकोलाई सहयोग पुग्ने र महिलाहरुकै सक्रियतामा हिंसा, बिभेद न्युनिकरणका अभियान सञ्चालन भई सामाजिक न्याय, समानता र स्वतन्त्रताको अनुभूति हुने वातावरण सिर्जना हुने भन्ने लक्ष्य लिइ कार्यक्रम सञ्चालन गरेकोमा देहाय अनुसारको महिता तालिममा सहभागी भएको र व्यवसाय सञ्चालन गर्न सामग्री वितरण गरेको छ। कार्यविधिमा भएको व्यवस्था अनुरुप सम्बन्धित प्रदेश र स्थानीय तहबाट सम्बन्धित लाभग्राहीहरुको नियमित अनुगमन गरी महिलाहरुको आय आर्जनमा वृद्धि भइ स्थानीय अर्थतन्त्रमा टेवा पुगेको सुनिश्चितता हुनुपर्दछ।

| **विवरण** | **सहभागिता** |
|---|---|
| मौरीपालन | ६०जना |
| बाख्रापालन | ४६जना |
| जर्सीगाईपालन | ६जना |
| महिलाहरूकोक्षमताविकास | ४५जना |
| मिल संचालन | ६जना |
| **सामग्री** | **वितरणगरेको** |
| विद्युतमिटर | १००वटा |
| मौरीघार | ६०वटा |
| ५०प्रतिशतअनुदानमामाउ बाख्रा | ९०वटा |
| ५०प्रतिशतअनुदानमा वोयर बाख्रा | ९वटा |
| जर्सीगाई | ६वटा |
| पिसानीमिल | ६वटा |

## ५१ समाजिक सुरक्षा

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्क मार्फत गर्नु पर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ६ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रु.२४२८८६४१।००, दोस्रो त्रैमासिकमा रु.२४३२८७०५।०० तेस्रो त्रैमासिकमा रु.२४३६५४०७।०० र चौथो त्रैमासिकमा रु.२४५५१८०४।०० समेत रू.९७५३४५५७।०० निकासा गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा देहायअनुसार रहेको छ।

५१.१ **पारदर्शिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा गाउँ कार्यपालिकाको कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

५१.२ **अनुगमन तथा निरीक्षणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस पालिकाले सो कार्य गरेको पाइएन। कार्यविधिको पालना हुनुपर्दछ।

## ५२ शिक्षक विद्यार्थी अनुपात

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्याङ्क संकलन गरी समभाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका ३७ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ ।

| शिक्षक दरबन्दी विवरण र पदपूर्ति | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी विवरण | | | | पदपुर्ती विवरण | | | | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
| | | स्थायी | राहत | करार | नीजि स्रोत | स्थायी | राहत | करार | नीजि स्रोत | | |
| १ | डुग्रीखानमा.वि. | ६ | २ | ० | ० | ६ | २ | ० | ० | ४७९ | १:६० |
| २ | भुमिराजआ.वि. | ३ | २ | ० | ० | ३ | २ | ० | ० | १६० | १:३२ |
| ३ | चतुर्वाहु आ.वि. | ३ | ० | ० | ० | ३ | ० | ० | ३ | १११ | १:१९ |
| ४ | नागार्जुनआ.वि. | २ | ० | ० | ० | २ | ० | ० | ० | १३० | १:६५ |
| ५ | गणेशआ.वि. | १ | ० | ० | ० | १ | ० | ० | ० | ८३ | १:८३ |
| ६ | गडदेवआ.वि. | १ | २ | ० | ० | १ | २ | ० | ० | ७८ | १:२६ |
| ७ | सुन्दरपुरआ.वि. | १ | ० | ० | ० | १ | ० | ० | ० | ७ | १:७ |
| ८ | देवथलामा.वि. | ३ | २ | ० | ० | ३ | २ | ० | ० | ३९६ | १:७९ |
| ९ | भर्कोटीआ.वि. | ० | २ | ० | ० | ० | २ | ० | ० | ३५ | १:१७ |
| १० | नागार्चनआ.वि. | १ | १ | ० | ० | १ | १ | ० | ० | ८५ | १:४२ |
| ११ | कैलपालआ.वि. | ० | २ | ० | ० | ० | २ | ० | ० | ४९ | १:२४ |
| १२ | कुलाउमा.वि. | १३ | ३ | ३ | ० | १३ | ३ | ३ | ० | ७४७ | १:३९ |
| १३ | सोमेश्वरमा.वि. | ३ | २ | ० | ० | ३ | २ | ० | ० | १९८ | १:४० |
| १४ | प्रगतिआ.वि. | १ | १ | ० | ० | १ | १ | ० | ० | ३७ | १:१८ |
| १५ | सिद्दनाथआ.वि. | २ | १ | ० | ० | २ | १ | ० | ० | ४१ | १:१४ |
| १६ | जनचेतनाआ.वि. | ० | २ | ० | ० | ० | २ | ० | ० | ४९ | १:२४ |
| १७ | हटैराजआ.वि. | १ | ० | ० | ० | १ | ० | ० | ० | ३९ | १:३९ |
| १८ | जवलपुरमा.वि. | १३ | ३ | ० | ० | १३ | ३ | ० | ० | ४२२ | १:२६ |
| १९ | टाकतिलकपुरमा.वि. | ३ | २ | ० | ० | ३ | २ | ० | ० | १७८ | १:३६ |
| २० | केदारआ.वि. | ३ | २ | ० | ० | ३ | २ | ० | ० | १५४ | १:३१ |
| २१ | रायपुरआ.वि. | २ | १ | ० | ० | २ | १ | ० | ० | १२० | १:४० |
| २२ | कल्याणपुरआ.वि. | ३ | ० | ० | ० | ३ | ० | ० | ० | १०३ | १:३४ |
| २३ | कैलपालआ.वि. | ० | ३ | १ | ० | ० | ३ | १ | ० | १८३ | १:४६ |
| २४ | सिर्जनाआ.वि. | ० | २ | ० | ० | ० | २ | ० | ० | २२ | १:११ |
| २५ | उदयदेवकालझाडीआ.वि. | ० | १ | ० | ० | ० | १ | ० | ० | ३ | १:३ |
| २६ | नागार्चनमा.वि. | ५ | ५ | २ | ० | ५ | ५ | २ | ० | २६६ | १:२२ |
| २७ | जयपुरमा.वि. | ४ | ३ | ० | ० | ४ | ३ | ० | ० | ३१६ | १:४५ |
| २८ | गडमेश्वरआ.वि. | २ | ० | १ | ० | २ | ० | १ | ० | १२४ | १:४१ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २९ | चमलपुरआ.वि. | ३ | ० | ० | ० | ३ | ० | ० | ० | ७४ | १:२५ |
| ३० | महाकालीआ.वि. | २ | १ | ० | ० | २ | १ | ० | ० | ६२ | १:२१ |
| ३१ | केदारआ.वि. | १ | ० | ० | ० | १ | ० | ० | ० | २८ | १:२८ |
| ३२ | आमपुरमा.वि. | ६ | ० | ० | ० | ६ | ० | ० | ० | १७० | १:२८ |
| ३३ | दुर्गाआ.वि. | ३ | ३ | ० | ० | ३ | ३ | ० | ० | १०७ | १:१८ |
| ३४ | देवतालआ.वि. | ० | ० | ० | ० | ० | ० | ० | ० | १२ | ०:१२ |
| ३५ | तालेश्वरआ.वि. | ० | ० | ० | ० | ० | ० | ० | ० | २४ | ०:२४ |
| ३६ | सरस्वती शिशु केन्द्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३७ | कैलपाल शिशु केन्द्र | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ९१ | ४८ | ७ | ० | ९१ | ४८ | ७ | ३ | ५०९२ | |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यायमा शिक्षक विद्यार्थी अनुपात १:८३ देखि ०:२४ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ। अतः भौगोलिक दुरी टाढा भएमा बालविकास केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

### ५३ शिक्षक दरवन्दि र पदपुर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिका अन्तर्गतका विभिन्न तहका ३७ सामुदायिक विद्यालयहरुमा १४६ शिक्षक दरबन्दी रहेकोमा १४६ शिक्षकको पदपुर्ति रहेको छ। त्यसै गरी राहत तथा शिक्षण सिकाई अनुदान तर्फ १३ र पालिका अनुदान तर्फ ६४ थप शिक्षकको पदपुर्ति भएको देखियो। शिक्षा निमायवली, २०५९ को निमय ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमस ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम ७७ मा विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था समेत छ। पालिका स्थित ३७ सामुदायिक विद्यालयमा ५०९२ विद्यार्थी अध्ययन रहेका छन। पालिकाले न्युन विद्यार्थी भएका विद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रक्रिया संचालन गरी शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ।

### ५४ आइसिटी ल्याव स्थापना

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ । सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरिने कम्प्युटर तथा सूचना प्रविधिजन्य उपकरणहरुको स्ट्याण्डर्ड र स्पेसिफिकेशन हुनु पर्दछ। यस पालिकाबाट संचालित यस कार्यक्रम अन्तर्गत निम्नानुसार विद्यालयहरुले खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनु पर्दछ।

| क्र.स. | विद्यालयको नाम | कार्यक्रम | निकाशा रकम |
|---|---|---|---|
| १ | श्री डुग्रीखान मावि | पुस्तकालय / ICT स्थापना तथा व्यवस्थापन | ६५००००।०० |
| २ | श्री नागार्चन मावि | पुस्तकालय / ICT स्थापना तथा व्यवस्थापन | ६५००००।०० |
| | जम्मा | | १३०००००।०० |

### ५५ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधी जन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यो वर्ष औषधि खरिदमा निम्नानुसार रू.३३०८९४९।०० खर्च गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

| गो.भौ.नं./मिति | फर्मकोनाम | रकम |
|---|---|---|
| ३३-२०८१/०३/२४ | रौलाकेदारमेडिसिनसप्लायर्स | ८८०४२१।०० |
| ३४-२०८१/०३/२४ | कफलासैनीमेडिसिनसप्लायर्स | ११३११४।०० |
| २८-२०८१/०३/२५ | रोलाकेदारमेडिसिनसप्लायर्स | ९९९६९।०० |
| २७-२०८०/०८/२२ | रोलाकेदारमेडिसिनसप्लायर्स | ८८४६२३।०० |
| ३०८-२०८१/०२/२३ | प्राप्तीभेटसेवा | ४०२१४।०० |
| ३१६-२०८१/०२/२३ | नेपालएग्रोट्रेडएण्डसप्लायर्स,प्राप्तीभेटसेवा | १३७७०७।०० |
| | चान्दीभेटफर्म, मेनकाजीखडका | ७९६९४।०० |
| ४२२-२०८१/०३/१९ | चान्दीभेटफर्म | ६९९८३।०० |
| ४२३-२०८१/०२/२७ | लवकुशएग्रोभेट | ७४०५०।०० |
| ४२४-२०८१/०३/१९ | लवकुशएग्रोभेट | ८०६७५।०० |
| ४२५-२०८१/०३/१९ | चान्दीभेटसेन्टर | ३२९६०।०० |
| ३-२०८०/०९/०३ | फारवेष्टभेटसेन्टर | ४४१८३४।०० |
| ६-२०८०/१०/२१ | फारवेष्टभेटसेन्टर | ३७३७०५।०० |
| जम्मा | | ३३०८९४९।०० |

- खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको प्रमाण संलग्न गरेको देखिएन।
- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश भएको देखिएन।
- आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।
- औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्ला स्वास्थ्य कार्यालय वा अन्यबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।
- औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

## ५६ न्यानो झोला

स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन (सशर्त अनुदान मार्फत हस्तान्तरित कार्यक्रम) २०८०/८१ दफा १२ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम अन्तर्गत ५०० वटा रु. ७९२.०३ (मु.अ.कर बाहेक) जम्मा रु. ४४७९६ को खरिद गरिएको छ। न्यानो झोला आपूर्ति भै सकेपछि अस्पतालहरुले स्पेशिफकेशन अनुसारको गुणस्तर भए नभएको एकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा पालिकाले गुणस्तर चेक जाँच गरेको देखिएन। पालिकाले स्पेशिफकेशन अनुसार भए नभएको चेक जाँच गर्नुपर्दछ।

५७ **ढिला राजस्व दाखिला गरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। पालिका अन्तर्गतका अधिकांश वडा सचिवहरुले राजस्व आम्दानी नगद बुझ्ने गरेको र औसतमा करिव २ महिना सम्म ढिलो गरी राजस्व दाखिला गर्ने गरेको देखीयो। यस सम्बन्धमा भौगोलिक विकटता र सबै स्थानमा सहज बैङ्किङ् पँहुच नभएको कारणले समयमा राजस्व दाखिला हुन नसकिएको प्रतिक्रीया प्राप्त भएता पनि कानुनको पालनामा पालिकाको ध्यान जानुपर्दछ।

५८ **राजस्व बाँडफाट**

सुदूर पश्चिम प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्रको माटो ढुङ्गा गिटी बालुवा र दहत्तर बहत्तरको संकलन प्रदेशले तोकेको दरमा स्थानीय तहले कर संकलन गर्ने र संकलित उक्त करको ४० प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र जम्मा गरी सोको विवरण आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। स्थानीय तहले त्यसरी कर संकलन गर्नु अघि प्रचलित कानुन बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्ने व्यवस्था छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट ढुङ्गा गिटि वालुवा एवम् माटोजन्य वस्तु विक्री गर्न सक्ने र सो विक्री वापत प्राप्त रकम स्थानीय संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। ढूंगा, गिट्टी वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुदा नं. १४ मा पालिकाले नदिजन्य पदार्थको बिक्रीबाट संकलित राजस्वको ६० प्रतिशत सम्बन्धित पालिकाको सञ्चित कोषमा दाखिला गरी ४० प्रतिशत सम्बन्धित प्रदेशको सञ्चित कोषमा दाखिला गर्नु पर्ने उल्लेख छ। यो वर्ष पालिकाले ढुंगा गिटी वालुवा वापत रू १८९३५०।०० संकलन गरेकोमा प्रदेश संचित कोषमा पठाएको देखिएन। संकलन भनिएको उक्त रकम मध्ये रू.१३०९००।०० असुल समेत भएको देखिएन। प्रचलित कानूनी व्यवस्थाको पालना गरी यो वर्ष संकलन हुनु पर्ने नदिजन्य पदार्थको बिक्रीशुल्कको ४० प्रतिशतले हुने रकम सुदूरपश्चिे प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७५,७४० |

५९ **नदि जन्य पदार्थ उत्खनन**

ढूंगा, गिट्टी वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुदा नं. १४ मा पालिकाले नदिजन्य पदार्थको उत्खनन गर्नुपर्दा स्थानीय तहले उत्खनन र संकलन सम्बन्धी कार्ययोजना कार्यपालिकाबाट स्वीकृत गरी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र नदिजन्य पदार्थ संकलनको प्रक्रिया अघि बढाउनु पर्ने व्यवस्था छ। सोही मापदण्डको बुदा नं. ९ मा जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा ९ सदस्यीय अनुगमन समिति रहने र सो समितिले पालिका अन्तर्गको नदिजन्य पदार्थ उत्खननको अनुगमन गर्नुका साथै सम्बन्धित पालिकाले समेत नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गतका महाकाली नदिका घाटहरुबाट नदिजन्य पदार्थ उत्खनन गरेकोमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरेको देखिएन। कार्यपालिकाबाट निर्णय गरी प्रति टिप्पर रू. १०००।०० का दरले नदिजन्य पदार्थ उत्खनन गर्ने व्यक्तिहरुबाट यो वर्ष रू. १८९३५०।०० संकलन गरेको छ। नदिजन्य पदार्थ उत्खननबाट वातावरणमा पर्ने प्रभाव मूल्याङ्कन गरी वातावरणीय प्रभाव

अध्ययनबाट निर्धारण भएको परिमाण तोकिएको स्थानबाट तोकिएको तरिकाबाट मात्र उत्खनन गरी उत्खनन कार्यलाई दिगो बनाउन पालिकाको ध्यान जानुपर्दछ।

## ६० सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री

स्थानीय सरकार संचालन ऐन, २०४७ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन, २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको देखिन्छ। तर पालिकाको संचित कोषमा नियमानुसार दाखिला हुनु पर्ने कुनै रकम दाखिला भएको अवस्था देखिदैन। यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ।

## ६१ विज्ञापन कर

नेपालको संविधानको अनुसूची-९ को बुदा न ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। सामाजिक संजाल मार्फत हुने विज्ञापनलाई कानुनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको आर्थिक ऐन, २०८० मा होर्डिङ्ग वोर्ड ब्यानर तथा माईकिङ्ग मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्यख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक युट्युव ईन्टाग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन। समाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुलाई समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ।

## ६२ राजस्व असुलीमा विलम्ब

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा सार्वजनिक निकायलाई प्राप्त हुने राजस्व उदारो राख्ने वा वक्यौता राख्ने कल्पना गरिएको छैन। यो वर्ष पालिका अन्तर्गतका निम्नानुसार व्यक्तिहरुबाट उठाउन बाँकी रहेको राजस्व लेखापरीक्षण अवधि सम्म असुल भएको छैन। अतः सोमा लाग्ने मु अ कर समेत ढिलो दाखिला गरेवापत कानून बमोजिम लाग्ने ब्याज समेत असुल गरी दाखिला गर्नुपर्दछ।

| व्यक्तिको नाम | वापत | असुल हुन बाँकी रकम | कैफियत |
|---|---|---|---|
| तुलाराम भट्ट | वालुवा संकलनमा लाग्ने शुल्क तथा कर | १२०४५०।०० | रू ५८४५०।०० रसिद काटिएको र रू ६२०००।०० रसिद नकाटिएको। |
| गोपाल चन्द | ढोया घाट तार उतार ठेक्का | ९५४८।०० | मुअकर सहित रू ४५२२८।०० मा सम्झौता भएकोमा ३५६८०।०० दाखिला भएको। |
| दिपक चन्द | पञ्चेश्वर घाट तार उतार ठेक्का | १३६१६५।०० | मुअकर सहित रू २७२३३०।०० मा सम्झौता भएकोमा १३६१६५।०० दाखिला भएको। |
| राजेन्द्र सिह घटाल | धर्म घाट तार उतार ठेक्का | १४१८१५।०० | मुअकर सहित रू २८३६३०।०० मा सम्झौता भएकोमा १४१८१५।०० दाखिला भएको। |
| | जम्मा | ४०७९७८।०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०७,९७८ |

## ६३ नदिजन्य पदार्थमा मु.अ. कर

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा स्थानीय तह वा मुल्य अभिवृद्धि कर नलाग्ने बस्तुको कारोवार गर्ने सार्वजनिक संस्थाले मुल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मु.अ.कर असुल गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार व्यक्तिहरुबाट नदिजन्य पदार्थ बापतको विक्री शुल्क उठाएकोमा मु. अ. कर संकलन गरेको देखिएन। अत रोल्यटी वापत संकलित रू. १८९३५०।०० को १३ प्रतिशतले हुने मु अ कर रू. २४६१५।०० र सोमा लाग्ने नियमानुसारको व्याज समेत सम्बन्धितहरुबाट असुल हुनु पर्दछ ।

| सि न | नदिको नाम तथा विवरण | बालुवा संकलन गर्ने नाम | संकलित रकम | मु अ कर वापत असुल हुनुपर्ने रू |
|---|---|---|---|---|
| १ | महाकाली नदिका विभिन्न घाटहरु | तुलाराम भट्ट | १५५२५०।०० | २०१८२।५ |
| २ | महाकाली नदिका विभिन्न घाटहरु | कम्भु चन्द | ५३००।०० | ६८९।०० |
| ३ | महाकाली नदिका विभिन्न घाटहरु | नरेन्द चन्द | २०२००।०० | २६२६।०० |
| ४ | महाकाली नदिका विभिन्न घाटहरु | प्रजापति ओझा | ८६००।०० | १११८।०० |
| | जम्मा | | १८९३५०।०० | २४६१५।५० |

| असुल गर्नुपर्ने | २४,६१५ |
|---|---|

### ६४ राजस्व लेखा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियावली, २०७७ को नियम ५८ मा कार्यालयमा नगद वा बैङ्क भौचरको रुपमा प्राप्त हुने सबै प्रकारका राजस्व आम्दानी अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष नदिजन्य पदार्थ विक्री शुल्क नगदि रसिद नकाटी निर्माण व्यवसायीलाई उदारोमा ६२ टिप्परको रू. १०००।०० को दरले हुने रू. ६२०००।०० उदारोमा छोडिएको देखियो। राजस्व आम्दानीको लेखा नियमानुसार राख्नुपर्दछ।

### ६५ जे सि वि भाडा

पालिकाको जेसिवी भाडामा लगाउने प्रयोजनको लागि जयबाबा नागर्जुन निर्माण सेवा र पालिका विच मिति २०८० चैत्र १४ गते भएको सम्झौता अनुसार प्रतिघण्टा रू. २०००।०० भाडामा उपलव्ध गराएको देखियो। सोहि सम्झौतामा रू. १० हजार सम्मको मर्मत उक्त निर्माण व्यवसायीले व्यहोर्ने र सो भन्दा बढिको मर्मत खर्च पालिकाले व्यहोरिने उल्लेख छ। भाद्र महिनामा भएको जेसिभिको संचालन मिटर रिडिङमा ५२० घण्टा चलेको अनौपचारिक जानकारी प्राप्त भएको छ। सोही अनुसार जेसीवी भाडा रू. १०४००००।०० संकलन हुनुपर्नेमा हाल सम्म कुनै भाडा संकलन नभएकोले सम्झौता अनुसारको मर्मत खर्च कटाई उठाउन बाँकी भाडा असुल हुनुपर्दछ।

| असुल गर्नुपर्ने | १०,४०,००० |
|---|---|

### ६६ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

### ६७ राजश्व अभिलेख

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा स्थानीय तहको लागि समेत लागु हुने गरी राजस्व शिर्षकहरुको बर्गिकरण र व्यख्या गरिएको छ। त्यसै गरी राजस्व लेखाको म ले प फा न १०६ दैनिक नगदी राजस्व आम्दानी खाता, म ले प फा न १०८ राजस्व प्राप्तिको बैक नगदी किताव, म ले प फा न १११ करदाताको लगत लगायतका फारम न. १०१ देखि ११८ सम्मका मलेप

फारमहरु निर्धारण गरेको छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष रू.३४०१५७७।१६ राजश्व आम्दानी गरेकोमा राख्नुपर्ने मलेप फारम लगायतका अभिलेखहरु नराखेको र राजस्वको प्रकृति अनुसार शिर्षक मिलाएर राजस्व दाखिला समेत हुने गरेको देखिएन। साथै करदाताको लगत नहुँदा प्राप्त हुनु पर्ने तथा प्राप्त भएको राजश्व सम्बन्धमा भिडान परीक्षण गर्न सकिएन।पालिकाबाट रसिद ठेलीहरुछपाई गरेर वडाकार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन।अघिल्लो आ.व.कोबाँकी रसिद के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सवैवडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्वसङ्कलन गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ।

६८ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ रू. ४८ लाख आय प्राप्त गर्ने अनुमान गरेकोमा रू.३४०१५७७।१७ आय प्राप्त गरेको छ। अर्थात अनुमानको ७०.८६ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

| क्र.सं. | प्राप्तिकोश्रोत | वार्षिक अनुमानितआय | आम्दानी |
|---|---|---|---|
| १ | सम्पती कर | ५,००,०००.०० | ८७,७९६.०० |
| २ | भुमिकर/मालपोत | ४,००,०००.०० | ३,७६,६६४.७१ |
| ३ | वहालकर | ५,००,०००.०० | २,९६,०३४.०० |
| ४ | वहालविटौरी कर | १,००,०००.०० | ० |
| ५ | सवारीसाधन कर (साना सवारी) | २,००,०००.०० | ० |
| ६ | पुर्वाधारसेवाको उपयोगमा लाग्ने कर | १,००,०००.०० | ० |
| ७ | अन्यमनोरञ्जन कर | १,००,०००.०० | ० |
| ८ | व्यवसायलेभुक्तानी गर्ने | ५,००,०००.०० | ० |
| ९ | व्यवसायबाहेक अन्यले भुक्तानी गर्ने | २,००,०००.०० | १५,०००.०० |
| १० | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २,००,०००.०० | १०,३९२.५० |
| ११ | अखेटोपहारमालाग्ने कर | ५०,०००.०० | ० |
| १२ | अन्यकर | ३,५०,०००.०० | २,३६,०११.०० |
| १३ | कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम | १,५०,०००.०० | ० |
| १४ | विद्युतसेवा शुल्क | ५०,०००.०० | ४,३००.०० |
| १५ | न्यायिकदस्तूर | ० | २००. |
| १६ | परीक्षाशुल्क | १,००,०००.०० | ० |
| १७ | अन्यप्रशासनिक सेवा शुल्क | ५,००,०००.०० | ८,५००.०० |
| १८ | सिफारिशदस्तुर | २,००,०००.०० | ५,७४,३८५.०० |
| १९ | व्यक्तिगतघटना दर्ता दस्तुर | २,००,०००.०० | ३,३६,५००.०० |
| २० | नाताप्रमाणित दस्तुर | १,००,०००.०० | १,१७,८५०.०० |
| २१ | अन्यदस्तुर | १,००,०००.०० | ४५,५६४.०० |
| २२ | व्यावसायरजिष्ट्रेशन दस्तुर | १,००,०००.०० | ६,५२,४६३.७० |
| २३ | विद्युतसम्बन्धी दस्तुर | ० | २,६००.०० |
| २४ | जलस्रोतसम्बन्धी अन्य दस्तुर | ० | १,०००.०० |
| २५ | अन्यक्षेत्रको आय | ० | ४,५२,१२६.२५ |
| २६ | धरौटीसदरस्याहा | १,००,०००.०० | ० |
| २७ | अन्यराजस्व | ० | ५६०. |
| २८ | बेरूजू | ० | १,८३,६३०.०० |
| जम्मा | | ४८,००,०००.०० | ३४,०१,५७७.१६ |

## ६९ राजस्व दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। पालिकाको विभिन्न शिर्षकमा राजस्व असुल गरी निम्नानुसार व्यक्तिसँग नगद नै बाँकी रहेको देखिएकोले अन्तरिक आयमा दाखिला भएको देखिएन। दाखिला गर्न बाँकी राजश्व पालिका संचित कोषमा दाखिला भएको प्रमाण पेश हुनुपर्दछ।

| सि.नं. | नाम | पद | दाखिला गर्न बाकी राजस्व |
|---|---|---|---|
| १ | शकर भट्ट | का.स. | ३२३५० |
| २ | प्रकाश राम लुहार | का.स. | ५३००० |
| जम्मा | | | ८५३५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८५,३५० |

## ७० आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीयसमानिकरणअनुदानबाटखर्च | आन्तरिकआय | आन्तरिकआयप्रतिशत |
|---|---|---|
| ८,१९,६८,००० | ३४,०१,५७७.१६ | ४.१४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.१४ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ।

## ७१ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू. १० करोड भन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने नियम र नियम ८ मा वार्षिक रू.१० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत यो वर्ष रू. ९ करोड २८ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त कानुनी व्यवस्था बमोजिम वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई खरिदलाई व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ ।

## ७२ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ। त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। यो वर्ष पालिकाले निम्नानुसार रू.९३६७४२८।०० को मालसामान तथा निर्माण कार्य सोझै खरिद गरेको देखियो। बलरा देवथला सडक धिर्मौडा खेलमैदानमा रू.१५७२९५८।०० लाई ३ टुक्रा पारेको र कोरिडोर भुइसिड सडक विस्तारमा

भएको रू.११३१९७०।०० कार्यलाई २ टुक्रा पारी रू.२७०४९२८।०० को निर्माण कार्य सोझै खरिदको सीमा रू.१० लाख नाघेर निर्माण कार्य खरिद कार्य गरेको देखिएन। सोझै खरिद हुदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले मु.अ.कर तथा ओभरहेड पनि जोडेर भुक्तानी हुदा निर्माण कार्य उपभोक्ता मार्फत भएको भन्दा पनि महंगो हुने र मालसामान खरिदमा समेत प्रतिस्पर्धा नहुने अवस्था देखियो। खरिदलाई प्रतिस्पर्धात्मक र पारदर्शी बनाउनुपर्दछ। प्याकेजमा समावेश गर्न सकिने कार्यलाई सोझै खरिद गरेको कार्य नियमित हुनुपर्दछ।

| क्र स | भौ न तथा मिति | आपुर्तिकर्ता व्यक्तिको नाम | खरिद गरिएको वस्तु तथा सेवा | भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| १ | ५७।८।१९ | सामुदायिक वन सम्बन्धि वृत्त चित्र निर्माण (आ व २०७९।८० को भुक्तानी बाँकी) | ग्वालेक मिडिया ग्रुप | ४२२९९८।०० |
| २ | ६८।९।२० | विभिन्न विधामा सुचना सन्देश तथा वृत्त चित्र निर्माण (आ व २०७९।८० को भुक्तानी बाँकी) | टि भि टुडे नेटवर्क प्रा लि | ४९९५००।०० |
| ३ | ६०।८।२० | वडा न ५ बलरा देवथला सडक तथा धिमौंडा खेलमैदान निर्माण | आराध्या ईन्जिनीयरीङ् सोलुशन प्रा लि | ६४२०४४।०० |
| ४ | ६०।८।२० | वडा न ५ बलरा देवथला सडक तथा धिमौंडा खेलमैदान निर्माण | नृत्या कन्स्ट्रक्सन | ४५५८९१।०० |
| ५ | ९९।९।२८ | वडा न ५ बलरा देवथला धिमौंडा खेल मैदान निर्माण | नृत्या कन्स्ट्रक्सन | ४७५०२३।०० |
| | | **जम्मा** | | **१५७२९५८।००** |
| ६ | १०१।१०।११ | कोरिडोर भुइसिड सडक विस्तार | आराध्या ईन्जिनीयरीङ् सोलुशन प्रा लि | ३९४३७०।०० |
| ७ | १९६।१२।२२ | कोरिडोर भुइसिड सडक विस्तार | आर एन कन्स्ट्रक्सन | ७३७६००।०० |
| | | **जम्मा** | | **११३१९७०।००** |
| ८ | ६२।८।२१ | सडक सरसफाई (आ व २०७९।८० को भुक्तानी बाँकी) | मेलौली महारुद्र निर्माण सेवा | ८८८४०८।०० |
| ९ | १२२।११।८ | सडक सरसफाई | श्री रविन्द्र पञ्चेश्वर कन्स्ट्रक्सन एण्ड | ८१०३८७।०० |
| १० | १२३।११।८ | सडक सरसफाई | श्री रविन्द्र पञ्चेश्वर कन्स्ट्रक्सन एण्ड | ७८१३३६।०० |
| ११ | २५।७।२३ | पालिका घेरा पर्खाल (आ व २०७९।८० को भुक्तानी बाँकी) | श्री रविन्द्र पञ्चेश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ५६०८२५।०० |
| १२ | १२४।११।८ | सडक सरसफाई | शिवछडि निर्माण सेवा | ९२७४६४।०० |
| १३ | १२५।११।८ | सडक सरसफाई | अनिता कन्स्ट्रक्सन | ७८६०४६।०० |
| १४ | २०।७।१६ | सडक सरसफाई | एस वि निर्माण सेवा | ८२०४४६।०० |
| १५ | २९८।३।५ | होम पाइप तथा वाल निर्माण वडा न ३ | आयान्स निर्माण सेवा | ९८५५३६।०० |
| | | कूल जम्मा | | ९३६७४२८।०० |

| अनियमित भएको | २७,०४,९२८ |
|---|---|

७३ **मालसामान तथा उपकरण खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने तथा नियम ११५ मा आपुर्ति गरिएका मालसामान निर्धारित प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको निरीक्षण तथा परीक्षण गर्नु पर्नेव्यवस्था छ। पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार मालसामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता निहित भए नभएको एकिन गर्न सकिएन। मेसिनरी उपकरण खरिद गर्दा नियमावलीको प्रावधानको पालना हुनु पर्दछ।

| **क्र स** | **भौ न तथा मिति** | **आपुर्तिकर्ता** | **खरिद गरिएको वस्तु तथा सेवा** | **भुक्तानी भएको रकम** |
|---|---|---|---|---|
| १ | २४।७।२२ | के जि एस ट्रेडिङ् कन्सर्न | मोटरसाइकल | ४००४१७।०० |
| २ | ६५।९।११ | के जि एस ट्रेडिङ् कन्सर्न | मोटरसाइकल | ५४७५१८।०० |
| ३ | ७९।९।६ | दुर्गा आ वि मार्फत | कम्प्युटर | १९१५३५।०० |
| ४ | २१५।१।१८ | आरम्भ ट्रेड कन्सर्न | कम्प्युटर | ८२०००।०० |
| ५ | २९०।२।२९ | कृतिका ट्रेडर्स | सिसिटिभि जडान | ६६४३००।०० |
| ६ | ३५४।३।२३ | मुनलाइट टेक्निकल एण्ड कम्प्युटर एजुकेशन | डेस्कटप कम्प्युटर | ९९११२।०० |
| ७ | ३७०।३।२४ | सरोज कम्प्युटर | ल्यापटप | ७०५०२।०० |
| ८ | ३८२।३।२४ | जियोसफ्ट टेक्नोलोजी प्रा लि | अफिस अटोमेशन सिस्टम | ४९८३३०।०० |
| ९ | ३२५।३।१४ | अग्नि ईन्कोर्पोरेट | एम्बुलेन्स | २००८०७३।०० |
| | | जम्मा | | ४५६१७८७।०० |

७४ **पाइप खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार सप्लार्यसहरुबाट एच डि पि ई पाइपहरु खरिद गरी विभिन्न वडा अध्यक्षहरु तथा व्यक्तिहरुलाई वितरण गरी खर्च लेखेकोमा उक्त पाईपहरुको जडान विवरण तथा खपतको प्रमाणित नाप जाँच सहितको विवरण संलग्न छैन। के कति परिमाणमा कहाँ खपत भयो सोको प्राविधिक नापी किताव सहितको खपत प्रमाणित हुने प्रमाण पेश हुनु पर्दछ।

| क्र स | भौ न मिति | आपुर्तिकर्ताको नाम | विवरण | रकम |
|---|---|---|---|---|
| १ | २०२।१२।२३ | स्मार्ट हार्डवेयर एण्ड सप्लायर्स | पाइप खरिद वडा न १ | १६८००८।०० |
| २ | २०५।१२।२५ | महालिङ्ग ट्रेडर्स | पाइप खरिद वडा न ५ | १६०२७९।०० |
| ३ | ३१३।३।१० | निङ्गलाशैनी ट्रेडर्स एण्ड सप्लायर्स | पाइप खरिद | ४४७६०।०० |
| ४ | ३५९।३।२३ | स्मार्ट हार्डवेयर एण्ड सप्लायर्स | पाइप रखिद | ९२२००।०० |
| ५ | ३५७।३।२३ | न्यू स्वर्गद्वारी सप्लायर्स | पाइप खरिद | ८८५१२।०० |
| | जम्मा | | | ५५३७५९।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,५३,७५९ |

७५ **खरिद तथा योजना निर्माण**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १६ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा योजना तर्जुमा दिग्दर्शन, आवधिक योजना अन्तर्ग रहेर योजना बनाउनु पर्ने र सोको लागि बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। स्वीकृत बजेटको अधिनमा रहि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा विभागीय नर्मस र स्वीकृत दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने र उक्त कार्यको लागि पारदर्शी, प्रतिस्पर्धि र खुल्ला रुपमा मितव्ययी हुने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ। लेखापरीक्षणको क्रममा अनौपचारिक जानकारी अनुसार देवथला धिमौंडा खेलमैदान निर्माण नामक योजनाको भौतिक रुपमा निर्माण कार्य गत विगत वर्षमा नै सम्पन्न भएको र हाल विभिन्न निर्माण व्यवसायी मार्फत सम्पन्न गरेको भनि सोझै खरिद विधि अनुसार भुक्तानी हुने गरेको जानकारी प्राप्त भयो। यो वर्ष उक्त योजनामा विभिन्न ३ निर्माण व्यवसायीलाई सोझै खरिद विधि अनुसार रू.१५ लाख ७२ हजार ९५८ भुक्तानी भएको देखियो। कुनै निर्माण व्यवसायी मार्फत पहिल्यै काम भैसकेको र पछि विस्तारै योजना बनाउदै बजेट विनियोजन गर्दै भुक्तानी हुने परिपाटी सार्वजनिक खरिद र सार्वजनिक बजेट व्यवस्थापनको सिद्धान्त विपरित हुनजान्छ। यस प्रकारको कार्यमा नियन्त्रण हुनुपर्दछ।

७६ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष कन्टिन्जेन्सी वापत निम्नानुसार रू.१५ लाख ७७ हजार खर्च गर्दा नियमावलीमा व्यवस्था भए अनुरुप पालिकालको केन्द्रीय निकाय अर्थात कार्यपालिकाबाट कार्यविधि स्वीकृत गरी खर्च गरेको देखिएन। तसर्थ कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यमा एकरुपता र बैधानिकता प्रवर्द्धन गर्न आवश्यक कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कार्यालयले रू.१५ लाख ७७ हजार कन्टिन्जेन्सी खर्च लेखेको देखियो। कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न कार्यविधि तर्जुमा गरी सोही अनुसार खर्च व्यवस्थापन हुनुपर्दछ।

| क्र.स. | कन्टिन्जेन्सीकोविवरण | खर्चरकम |
|---|---|---|
| १ | ज्याला | ८५२२५४ |
| २ | दैनिकभ्रमणभत्ता | १०००००|
| ३ | इन्धन | ५०००० |
| ४ | मर्मत | २५००० |
| ५ | मसलन्द | १५०००० |
| ६ | निर्माणखर्च{ | ० |
| ७ | सम्बन्धितविभागमापठाएको] | ० |
| ८ | अन्य | ४००००० |
| | जम्मा | १५७७२५४ |

७७ **धरौटी कट्टि नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले निर्माण कार्य बाहेकको खरिद सम्झौतामा नै रिटेन्सन मनि कट्टि गर्नु नपर्ने कुनै शर्त उल्लेख गरेको अवस्थामा बाहेक भुक्तानी गरिने सबै विल विजकको भुक्तानीमा ५ प्रतिशतले रिटेन्सन मनि कट्टि गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार निर्माण कार्यको विल रकम भुक्तानी गर्दा ५ प्रतिशतले हुने धरौटी रकम कट्टि गरेको छैन। नियमानुसार भएको व्यवस्थाको पालना गरी धरौटी असुल गरी पालिकाको धरौटी खातामा दाखिला गर्नुपर्दछ।

| क्र स | भौ न मिति | योजनाको नाम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम | कट्टि हुनुपर्ने धरौटि रकम |
|---|---|---|---|---|---|
| १ | ४।३।२४ | औद्योगिक ग्राम फिल्ड कटिङ् एण्ड खापा योजना | रविन्द्र पञ्चेश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ५६५५४३।०० | २८२७६।०० |
| २ | ६०.८.२० | वडा न ५ बलरा देवथला सडक तथा धिर्मौडा खेलमैदान निर्माण | आराध्या ईन्जिनीयरीङ् सोलुशन प्रा लि | ६४२०४४. | ३२१०२।२० |
| ३ | ६०.८.२० | वडा न ५ बलरा देवथला सडक तथा धिर्मौडा खेलमैदान निर्माण | नृत्या कन्स्ट्रक्सन | ४५५८९१. | २२७९४।५५ |
| ४ | ९९.९.२८ | वडा न ५ बलरा देवथला धिर्मौडा खेल मैदान निर्माण | नृत्या कन्स्ट्रक्सन | ४७५०२३. | २३७५१।१५ |
| ५ | १०१.१०.११ | कोरिडोर भुइसिड सडक विस्तार | आराध्या ईन्जिनीयरीङ् सोलुशन प्रा लि | ३९४३७०. | १९७१८।५ |
| ६ | १९६.१२.२२ | कोरिडोर भुइसिड सडक विस्तार | आर एन कन्स्ट्रक्सन | ७३७६००. | ३६८८०।०० |
| ७ | ६२.८.२१ | सडक सरसफाई | मेलौली महारुद्र निर्माण सेवा | ८८८४०८. | ४४४२०।४० |
| ८ | १२२.११.८ | सडक सरसफाई | श्री रविन्द्र पञ्चेश्वर कन्स्ट्रक्सन एण्ड | ८१०३८७. | ४०५१९।३५ |
| ९ | १२३.११.८ | सडक सरसफाई | श्री रविन्द्र पञ्चेश्वर कन्स्ट्रक्सन एण्ड | ७८१३३६. | ३९०६६।८० |
| १० | २५.७.२३ | पालिका घेरा पर्खाल | श्री रविन्द्र पञ्चेश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ५६०८२५. | २८०४१।२५ |
| ११ | १२४.११.८ | सडक सरसफाई | शिवछडि निर्माण सेवा | ९२७४६४. | ४६३७३।२० |
| १२ | १२५.११.८ | सडक सरसफाई | अनिता कन्स्ट्रक्सन | ७८६०४६. | ३९३०२।३० |
| १३ | २०।७।१६ | सडक सरसफाई | एस वि निर्माण सेवा | ८२०४४६।०० | ४१०२२।०० |
| १४ | २९८.३.५ | होम पाइप तथा वाल निर्माण वडा न ३ | आयान्स निर्माण सेवा | ९८५५३६. | ४९२७६।८० |
| | | जम्मा | | ८४४४९३०. | ४९१५४५।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९१,५४३ |

७८ **एजविल्ट ड्रईङ्ग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले निर्माण सम्पन्न गरेका विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन। सम्झौता समेतमा एज विल्ट नक्सा पेश गर्नुपर्ने व्यवस्था हटाएको देखियो।कानुनको भएको व्यवस्थाको पालना हुनुपर्दछ।

७९ **खर्चको प्रमाण पेश गर्नुपर्ने**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा बिल विजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष वडा नं. ५ काठेखोला सोलार लिफ्ट खापा योजना वापत रू ३१४९९९।०० भुक्तानी भएकोमा नागर्जुन हार्डवेयरलाई मालसमान खरिद वापत रू ३१४९९९।०० को फोटोकपी विजक संलग्न गरेको देखिएकोमा उक्त खरिद गरिएका सामाग्रीहरु जडान गरेको प्रमाण संलग्न छैन। खरिद गरिएका सामाग्रिहरु जडान गरी प्राविधिक मूल्याङ्कन सहित नापजाँच गरेको प्रमाण पेश गरी सक्कल विजक समेत पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१४,९९९ |

८० **खर्चको प्रमाण पेश गर्नुपर्ने**

खरिद सम्झौतामा उल्लिखित बिओक्यूमा उल्लिखित प्रोभिजनल सम वा लमसमको रुपमा रहेको आइटममा प्रतिस्पर्धा नहुने भएकोले उक्त आइटमको कार्य सम्पन्न हुदा लाग्ने वास्तविक लागत खर्च मात्र सोधभर्नाको रुपमा सार्वजनिक निकायले भुक्तानी गर्नुपर्ने हुन्छ। पालिकाले यो वर्ष वडा न २ को कार्यालय भवन निर्माणको अन्तिम किस्ताको भुक्तानी गर्दा निम्नुसार पि एस आइटमको भुक्तानी गर्दा उक्त कार्यको लागि लागेको वास्तविक खर्चका बिल तथा प्रमाण पेश भएको देखिएन। उक्त खर्चका बिल विजक पेश गर्नुपर्दछ।

| आइटम | भुक्तानी रकम |
|---|---|
| स्यानिटरी वर्कस | १७००००।०० |
| वाटर सप्लाई वर्कस | १८००००।०० |
| ईलेक्ट्रिसियन वर्कस | १०००००।०० |
| जम्मा | ४५००००।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५०,००० |

८१ **अस्पताल भवन निर्माण**

८१.१ **न्यून प्रगतिः** सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम १११ मा खरिद सम्झौता अनुसार कार्यातालिका अनुशरण र गुणस्तरको पालनाको सम्बन्धमा सम्बन्धित सार्वजनिक निकायले आवश्यक अनुगमन तथा नियमित सुपरीवेक्षण गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत संचालिन एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको १० सैया अस्पताल भवन निर्माणको लागि मिति २०८०।२।२६ मा मल्टिटेक नेओ श्रीकेदार जेभी सँग मिति २०८२।२।२६ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा हाल सम्म रू.२०९०३८२१।०० रकम भुक्तानी भएको छ। जुन कुल सम्झौता रकम रू.१३८२५५८५७।०० को १५ प्रतिशत मात्र हुन जान्छ। तर सम्झौता अवधि २४ महिना मध्ये लेखापरीक्षण अवधि सम्म १५ महिना अर्थात ६३ प्रतिशत अवधि व्यतीत भैसकेको अवस्थामा निर्माण स्थल अवलोकन गर्दा भवनको प्लिन्थ लेभल सम्म मात्र निर्माण भएको देखियो। तसर्थ यही निर्माण गतिले सम्झौतामा निर्धारित अवधि भित्र कार्य सम्पन्न हुन सक्ने अवस्था देखिदैन। कार्यातालिका अनुसार निर्माण कार्य हुन पालिकाले आवश्यक सुपरिवेक्षण गर्नुपर्दछ।

८१.२ **हिसाब मिलानः** आधारभुत अस्पताल भवन निर्माण सम्बन्धी निर्देशिका, २०७७ मा स्थानीय तह मार्फत निर्माण हुने अस्पताल भवन निर्माणको लागि लाग्ने प्राविधिक सेवाको लागत स्थानीय तहले जुटाउनु पर्ने र सोको लागि लाग्ने खर्च आयोजनाको कन्टिन्जेन्सीबाट गर्न सकिने व्यवस्था छ। १० सैयाको अस्पताल भवन निर्माणको लागि लाग्ने लागत अनुमान रू १० करोड ८३ लाख ३६ हजार समेत सोहि निर्देशिकामा उल्लेख गरेको छ। पालिका अन्तर्गत निर्माणाधीन १० सैयाको अस्पताल भवन निर्माणको लागि मिति २०८० जेठ २६ गते रू १३ करोड ८२ लाख ५५ हजार ८५७।०६ मा निर्माण सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री मल्टि टेक नियो श्रीकेदार जे भी सँग सम्झौता भएको छ। निर्देशिकामा उल्लिखित लागत भन्दा बढि रू २ करोड ९९ लाख २० हजार बढिको रकममा सम्झौता भएकोले उक्त बढि देखिएको रकम पालिकाले व्यहोर्नुपर्ने देखिन्छ। जुन कूल लागतको २१.६४ प्रतिशत हुन जान्छ। कुनैपनि योजनामा लागत सहभागिता हुने अवस्था छ भने प्रत्येक रनिङ् विलमा सोही लागत सहभागिताको अंश अनुसार भुक्तानी गर्नुपर्ने हुन्छ। यो वर्ष भुक्तानी भएको कूल रू.२०९०३८२१।०० को २१.६४ प्रतिशतले हुने रू.४५२३७८२।०० मात्र पालिकाले व्यहोर्नु पर्नेमा रू.६८८८२११।००

पालिकाको स्रोतबाट भुक्तानी भएको छ। अतः लागत अनुपातको हिसावले पालिकाको स्रोतबाट बढी भुक्तानी भएको रू.२३६४४२९।००स्रोतगत समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,६४,४२९ |

८१.३ **धरौटी कट्टि नभएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले निर्माण कार्य बाहेकको खरिद सम्झौतामा नै रिटेन्सन मनि कट्टि गर्नु नपर्ने कुनै शर्त उल्लेख गरेको अवस्थामा बाहेक भुक्तानी गरिने सबै बिल विजकको भुक्तानीमा ५ प्रतिशतले रिटेन्सन मनि कट्टि गर्नुपर्ने व्यवस्था छ। पालिकाले एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत १० सैयाको अस्पताल भवन निर्माणको ठेकेदार मल्टिटेक नेओ श्री केदार जे भीलाई पहिलो रनिङ् बिल पालिकाको स्रोतबाट रू. ६८८८२११।०० र दोस्रो रनिङ् बिल संघीय स्रोतबाट रू. १४०१५६१०।०० भुक्तानी हुदा पहिलो रनिङ बिलबाट धरौटी कट्टि नभएको अवस्थामा दोस्रो रनिङ बिलको रकम भुक्तानी हुँदा समेत पहिलो रनिङ् विलको भुक्तानी गर्दाको धरौटी कट्टि नभई रू. ६२०१६०।०० मात्र कट्टि भएको देखिएकोले तेस्रो रनिङ् बिलबाट थप कट्टि गरी धरौटी खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०४,७८८ |

## ८२ बोलपत्रको मुल्याङ्कन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नु पर्दछ। त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नु पर्दछ। मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजन भएमा त्यस्तो बोलपत्र दाता सँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको ३७ प्रतिशत देखि ४७ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिव ५४ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्न सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनु पर्दछ।

| क्र स | कामको विवरण | निर्माण ब्यबसायीको नामर ठेगाना | सम्झौतार भुक्तानी सम्बन्धी विवरण | | लागत अनुमान भन्दा कवोल अङ्क घटेको प्रतिशत |
|---|---|---|---|---|---|
| | | | लागत अनुमान विवरण | सम्झौतारकम | |
| १ | कुलाउँगाउँ घडेला हुदै ढोयाघाट सम्म सडक विस्तार | बोगटी एण्ड ब्रदर्स कन्स्ट्रक्सन | १४४७८२७४।३४ | ६००६२३५।०० | ५९.००% |
| २ | कुलाउँगाउँ घडेला हुदै ढोयाघाट सम्म सडक विस्तार दोस्रो चरण | एस वि आर ईन्जिनीयरीङ एण्ड कन्सल्टेण्ट प्रा लि | ८५१००६४।०० | ५१७६०९७।०० | ४४.००% |
| ३ | औद्योगिक ग्राम फिल्ड कटिङ र खानेपानी योजना | रविन्द्र पञ्चेश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३८४५६४७।०० | १९३७१६१।०० | ५०.००% |

## ८३ कार्य सम्पादन जमानतको म्याद न्यून

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्य सम्पादन जमानतको म्याद निर्माण कार्यको हकमा त्रुटि सच्याउने अवधि भन्दा कम्तिमा एक महिना बढि अवधिको हुनु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष ठेक्का सम्झौता भएका निम्नानुसार योजनामा ठेकेदारले तोकिएको भन्दा न्यून अवधिको म्याद भएको कार्य सम्पादन जमानत पेश गरेको अवस्थामा पनि ठेक्का सम्झौता भएको देखियो। अतः सम्बन्धित निर्माण व्यावसायीबाट पुर्ण अवधिको कार्य सम्पादन जमानत पेश गराउनु पर्दछ।

| योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौताको अन्तिम मिति | कार्यसम्पादन जमानतको म्याद | कार्य सम्पादन जमानतको हुनु पर्ने म्याद |
|---|---|---|---|---|
| कुलाउँ देखि घडेला हुदै ढोयाघाट सडक मर्मत | एस वि आर ईन्जिनीयरिङ् एण्ड कनसल्टेण्ट | २०८१।६।२० | २०८२।४।१६ | २०८२।७।२० |
| औद्योगिक ग्राम फिल्ड कटिङ् एण्ड खा पा योजना | रविन्द्र पञ्चेश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २०८१।७।३० | २०८२।४।४ | २०८२।८।३० |

८४ **सडक सफाई**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा विभागीय नर्मस र स्वीकृत दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा विभागीय नर्मसको पालना गर्नुपर्ने उल्लेख छ। त्यसैगरी नियमावली नियम १२३ मा वास्तविक कार्य सम्पादनको आधारमा बिल विजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सडक सफाईको कार्य वापत निम्नानुसार निर्माण व्यवसायीहरुलाई रू. ५०१४०८५। ०० भुक्तानी गरेको छ। उक्त कार्यको लागत अनुमान परीक्षण गर्दा करिव ३ मिटर चौडाईमा १५ सेण्टि मिटर गहिराईको माटो काट्ने काम करिव ९६६५७ मिटर लम्बाईको बाटोमा भएको देखिन्छ। जुन करिव ९७ कि मि लम्बाईमा सडक सफाईको कार्य भएको देखिएको छ। उक्त सडक सफाईको कार्य अर्थात पहिरो पन्छाउने कार्य निरन्तर हुने जसको भौतिक प्रगति समेत देखिदैन। यस्ता खर्च गर्दा खर्चको यथार्थता पुष्टि गर्न प्राविधिक मुल्याङ्कनका अतिरिक्त उक्त सडक खण्डमा पहिरो आएको र उक्त कार्य गर्न सम्बन्धित स्थानीय लाभग्राही समेतको मुचुल्का र पालिकालाई सफाईको लागि माग समेत गरेको प्रमाण अभिलेखमा राख्नु पर्दछ। यस्ता खर्चलाई पुष्टि गर्ने यथेस्ट प्रमाणहरु सुरक्षित राख्न पालिकाको ध्यान जानुपर्दछ।

| **भौ न मिति** | **सफाई गरेको सडक खण्ड** | **निर्माण व्यवसायीको नाम** | **सडक लम्बाई** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| २०।७।१६ | वडा न १ २ ३ र ४ का विभिन्न खण्ड | | ३४७९६ मिटर | ८२०४४६।०० |
| ६२।८।२१ | वडा न ५ र ६ का विभिन्न खण्ड | | ३९७२ मिटर | ८८८४०६।०० |
| १२२।११।८ | पालिकाका विभिन्न सडक खण्ड | रविन्द्र पञ्चेश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १७००६ मिटर | ८१०३८७।०० |
| १२३।११।८ | पालिकाका विभिन्न सडक खण्ड | रविन्द्र पञ्चेश्वर कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ४८७ मिटर | ७८१३३६।०० |
| १२४।११।८ | पालिकाका विभिन्न सडक खण्ड | शिवछडि निर्माण सेवा | ३७७७८ मिटर | ९२७४६४।०० |
| १२५।११।८ | पालिकाका विभिन्न सडक खण्ड | अनिता कन्स्ट्रक्सन | २६१८ मिटर | ७८६०४६।०० |
| | | | | ५०१४०८५।० |

८५ **सम्झौताको कार्यान्वयन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) र ५९ (८) मा खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा वा सम्झौता बमोजिम प्रगति नदेखिएमा खरिद सम्झौता अन्त्य गरी यदि निर्माण व्यवसायीको कारणले सम्झौता अन्त्य हुन गएको अवस्थामा निजको पुरै धरौटी जफत गरी बाँकी काम निर्माण व्यवसायीको खर्चले सम्पन्न गर्नु पर्ने व्यवस्था छ। त्यसैगरीसार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको, सार्वजनिक निकायले उपलव्ध गर्नु पर्ने कुनै कुरा उपलव्ध नगराएको वा काबु बाहिरको कुनै परिस्थिति सृजना भइ समयमा काम सम्पन्न गर्न

नसकिएको अवस्था जाँचबुझ गर्दा देखिएमा नियमानुसार म्याद थप गर्न सक्ने व्यवस्था छ। यस पालिकाको निम्नानुसार योजनाको ठेक्का सम्झौताको म्याद थप गर्दा नियमावलीको उल्लिखित व्यवस्थामा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको, सार्वजनिक निकायले उपलव्ध गर्नुपर्ने कुनै कुरा उपलव्ध नगराएको वा कावु बाहिरको कुनै परिस्थिति सृजना भइ समयमा काम सम्पन्न गर्न नसकिएको अवस्था जाँचबुझ गर्दा देखिएमा मात्र म्याद थपको प्रक्रिया अगाडि बढाउन सकिने व्यवस्था भएकोमा यहाँ त्यस्तो अवस्था देखिने कुनै अभिलेख लेखापरीक्षणको अवधिमा पेश भएन। कुनै विशेष कारण समेत नखोली पेश भएको म्याद थपको निवेदनको आधारमा भएको म्याद थप नियम सम्मत देखिदैन। ठेक्का सम्झौताको म्याद थप्दा नियमावलीमा भएको व्यवस्थाको अनुशरण हुनुपर्दछ।

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | शुरु सम्झौता अवधि | म्याद थप अवधि | हाल सम्मको कामको अद्यावधिक अवस्था |
|---|---|---|---|---|---|
| औद्योगिक ग्राम फिल्ड कटिङ् एण्ड खा पा योजना | रविन्द्र पञ्चेश्वर एण्ड कन्स्ट्रक्सन | १९३७१६१।०० | २०८१।३।११ देखि २०८१।७।३० | | ३३ प्रतिशत वित्तीय प्रगति |
| कुलाउँ घडेला हुदै ढोयाघाट सम्म सडक विस्तार | बोगटी एण्ड ब्रदर्स कन्स्ट्रक्सन | ६०४१५४३।०० | २०८०।१०।१७ देखि २०८१।३।१० | २०८१।५।२० | ४० प्रतिशत वित्तीय प्रगति |
| कुलाउँ घडेला हुदै ढोयाघाट सम्म सडक विस्तार दोस्रो चरण | एस वि आर ईन्जिनीयरीङ् कन्सल्टेण्ट | ५१७५०९७।०० | २०८०।१२।२२ देखि २०८१।३।१५ | २०८१।६।२० | ७८ प्रतिशत वित्तीय प्रगति |

## ८६ वास ईकाइ

सार्वजनिक खरिद नियमावली २०६४ मा खरिद विधिहरु तोकिएका छन। पञ्चेश्वर गाँउपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता व्यवस्थापन निर्देशिका, २०७७ मा खानेपानी सरसफाई तथा स्वच्छताको दिगो व्यवस्थापन सुनिश्चित गर्ने उद्देश्यले पालिकाको खानेपानी तथा सरसफाइ सम्बन्धी नीति निर्देशिका कार्यविधि निर्माण, खानेपानी सम्बन्धी योजनाहरुको लगत अद्यावधिक गर्ने, खानेपानी योजनाहरुको मर्मत सम्भार कोषको व्यवस्थापन र मर्मत सम्भारको लागि उपभोक्ता समिति गठन दर्ता नविकरण तथा खानेपानी तथा सरसफाई सम्बन्धी सूचना प्रणालीको व्यवस्थापन गर्ने लगायतको कार्य गर्ने गरी वास व्यवस्थापन समिति तथा वास ईकाइको व्यवस्था गरेको छ। यस निर्देशिकामा खानेपानी सम्बन्धी विद्यमान योजनाहरुलाई मर्मत सम्भार गरी सुचारु बनाउने र दिगो उपयोग गर्नु वास ईकाइको प्रमुख कार्य रहेको देखियो। पालिका अन्तर्गत रहेको वास ईकाइले यो वर्ष निर्देशिका अनुसार गठित उपभोक्ता समिति द्वारा नभई ईकाइमा कार्यरत कर्मचारीले नै नयाँ योजनाको लागि आवश्यक पर्ने सबै काम गरी योजना सम्पन्न गरी पालिकाको वडा नं. ४ मा रू ७४८३२४।०० को लागतमा लिफ्ट खानेपानी योजना सम्पन्न गरेको छ। उक्त योजनाको लागि निम्नानुसार लागत अनुमान समेत स्वीकृत नगरी सामाग्री तथा ज्याला र ढुवानी वापत सोझै कर्मचारी मार्फत पेश्कि दिई खर्च लेखेको छ। जुन सार्वजनिक खरिद नियमावलीको कुनै खरिद विधि सँग मिल्दैन। लेखापरीक्षण क्रममा भएको स्थलगत निरीक्षणमा उक्त योजना अन्तर्गत धाराहरुमा खानेपानी आउदै गरेको देखिएन। विशेष गरी लिफ्ट खानेपानीको मुख्य उद्देश्य नै हिउद वा पानीको अभाव भएको समयमा पानीको सहज उपलव्धता होस भन्ने रहेकोमा वर्षायाममा समेत पानी नआउने देखिएकोले उक्त योजनामा भएको खर्च प्रभावकारी देखिएन। धारामा पानी आउने सुनिश्चतता नभएको तथा निर्देशिकामा स्पष्ट व्यवस्था नभएको खरिद प्रक्रिया मार्फत भएको खरिद कार्य नियमसम्मत नदेखिएकोले उक्त खर्च नियमित हुनुपर्दछ।

| विवरण | भुक्तानी रकम |
|---|---|
| मोटर, सोलारपाता पाइप फिटिङ्स लगायत खानेपानी योजनाको सामाग्री खरिद | ५५८६२०।०० |
| खरिद गरिएका सामाग्री ढुवानी | ३०६००।०० |
| बालुवा गिटि खरिद | १२३७५।०० |
| ज्याला | ११७८१०।०० |
| मिस्त्री खाना तथा वास | २८९२२।०० |
| जम्मा | ७४८३२४।०० |

| | |
|---|---|
| अनियमित भएको | ७,४८,३२४ |

८७ **प्रमाण नपुगेको निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले कुनै बिल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरि वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्य गर्दा नापी किताबमा उल्लेखित कार्य परिमाण लाई नर्मस अनुसार आवश्यक पर्ने सिमेन्टको परिमाण भन्दा खरिदको बिल भरपाईको परिमाण घटी पेश भएको देखिएकोले आवश्यक प्रमाण पेश गर्नु पर्ने अन्यथा सम्बन्धित उपभोक्ता समितिहरुबाट असुल गर्नु पर्दछ।

| भौन मिति | योजनाको नाम | कामको विवरण | निर्मित संरचना परिमाण | आवश्यक सिमेण्ट परिमाण ब्यागमा | पेश भएको विल अनुसार परिमाण | प्रति ब्याग पिसिसिको लागत | बढि भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २९८।३।५ | सरस्वतीशिसुमन्दिरपञ्चेश्वर | Stone Massonry 1:4 | 14.05 | 45 | 26 | 2624.53 | 92240.00 | 6.4 bag per cum of PCC 1:2:4 and 3.18 bag for per cum of Cs 1:4 |
| | | PCC 1:2:4 | 2.5729 | 17 | | | | |
| १८१।१२।९ | श्रीसरस्वतीआविफिल्डनिर्माण | PCC 1:2:4 | 3.71 | 23.75 | 60 | 2624.53 | 64478.00 | 6.4 bag per cum of PCC 1:2:4 and 2.12 bag for per cum of Cs 1:6 |
| | | Stone Massonry 1:6 | 28.24 | 60 | | | | |
| १४६।१२।६ | पाटनलेकपिसिसिबाटोनिर्माण | PCC 1:2:4 | 8.83 | 57 | 40 | 2624.53 | 43336.26 | 6.4 bag per cum of PCC 1:2:4 |
| १७०।१२।१८ | फञ्चेश्वरतिर्थस्थलधर्मशालानिर्माण | Stone Massonry 1:6 | 21.91 | 47 | 40 | 2624.53 | 144919.00 | 6.4 bag per cum of PCC 1:2:4 and 2.12 bag for per cum of Cs 1:6 |
| | | PCC 1:2:4 | 7.62 | 49 | | | | |
| २४६।२।४ | बगरपिसिसिबाटोनिउस | PCC 1:2:4 | 10.45 | 67 | 45 | 2624.53 | 57425.00 | 6.4 bag per cum of PCC 1:2:4 |
| 210.1.14 | गणमेश्वरदेवतालबाटोपिसिसिनिउस | PCC 1:2:4 | 19.73 | 127 | 90 | 2624.53 | 95197.00 | 6.4 bag per cum of PCC 1:2:4 |
| 208.1.13 | भगवतिमन्दिरदेखिगडानीसम्मपिसिसिनिउस | PCC 1:2:4 | 13.77 | 89 | 90 | 2624.53 | 52827.00 | 6.4 bag per cum of PCC 1:2:4 |
| | जम्मा | | | | | | 550422.26 | |

प्रमाण पेश नगरेको

## ८८ **वढी भुक्तानी**

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **८०,१११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

## ८९ **आन्तरिक लेखापरीक्षण तर्फ**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा आन्तरिक लेखापरीक्षणबाट देखिएको व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै सम्परीक्षण गरिसक्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाको आन्तरिक लेखापरीक्षणबाट देखिएका निम्नानुसारका व्यहोराहरु लेखापरीक्षण अवधि सम्म सम्परीक्षण भएको नदेखिएकोले नियमानुसार सम्परीक्षण गर्नुपर्दछ।

१. भौ न ४५।२०८०।८।६ बाट कैलपाल आधारभूत विद्यालयलाई रू.२२१०००।०० अनुदान स्वरुप भुक्तानी भएकोमा उक्त खर्च प्रमाणित गर्ने प्रमाण पेश नभएकोले प्रयोजन मुताविकको प्रमाण पेश गर्नुपर्दछ।

२. भौ न ६१।२०८०।८।२१ बाट सुरेशराम कार्कीलाई रू १६३०४।०० भुक्तानी भएकोमा प्रयोजन अनुसारको खर्चका प्रमाण पेश नभएकोले जुन प्रयोजनको लागि भुक्तानी भएको हो सोको प्रमाण पेश गर्नुपर्दछ।

३. भौ न ९४।२०८०।९।२४ बाट रण कुमार दयालको बाघको आक्रमणबाट घाइते भएको भनि उपचार स्वरुप रू.१८०००।०० भुक्तानी भएकोमा हस्पिटलमा खर्च भएको प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्दछ।

४. भौ न. ३२९।२०८१।३।१६ बाट विपद व्यवस्थापनको लागि रू.१११८७८।०० भुक्तानी गरी विभिन्न खाद्यान्न सामान खरिद गरिएकोमा ९०० केजी चामल, ८५ केजी दाल र ६० केजी पिठो वितरण गरिएको भरपाई संलग्न नरहेकोले सम्बन्धित विपद पीडितहरुलाई हस्तान्तरण गरेको प्रमाण पेश हुनुपर्दछ।

५. भौ न. ३५४।२०८०।३।९ बाट पालिका स्तरीय खेलकुद संचालन वापत रू.९३२७७।०० भुक्तानी गरी विभिन्न खेलकुद सामाग्री खरिद गरिएकोमा रू.१७५५०।०० बराबर मूल्यको जर्सी वितरण गरिएको भरपाई पेश नभएकोले भरपाई पेश गर्नुपर्दछ।

६. भौ न. ४८६।२०८१।३।२४ बाट खेलकुद सामाग्री खरिद वापत रू विसनदत्त भट्टलाई रू.४९४९२।०० भुक्तानी गरि खरिद गरिएका भलिवल जर्सीहरु वितरण गरिएको भरपाई पेश नभएकोले भरपाई पेश हुनुपर्दछ।

७. भौ न. १९७ बाट दुर्गा सिकाई केन्द्रलाई रू.९९०००।०० भुक्तानी भएकोमा रू.३०००।०० बराबरको विल भरपाई पेश नभएकोले खर्चका प्रमाण पेश हुनुपर्दछ।

८. भौ न. २४६।२०८१।३।२० बाट शेर सिहं बोहोरालाई प्रयोगशाला सम्बन्धी उपकरण सामान ढुवानी वापतको भुक्तानी भएकोमा ढुवानीका विल भरपाई पेश नभएकोले विल भरपाई पेश हुनुपर्दछ।

९. भौ न ५ बाट र्याक निर्माण वापत रू.५८००।०० भुक्तानी भएकोमा उक्त र्याक PAMS मा दाखिला भएको नदेखिएकोले दाखिला भएको प्रमाण पेश गर्नुपर्दछ।

१०. भौ न २४।२०८१।३।१० बाट कृषि यन्त्र उपकरण खरिद वापत निको किसान एग्रो कन्सर्नलाई रू.९७९१५।०० भुक्तानी भएकोमा खरिद गरिएका सामानहरु वितरण गरिएको भरपाई पेश नभएकोले वितरण भरपाई पेश हुनुपर्दछ।

११. भौ न ४२।२०८१।३।४२ बाट ढुवानी वापत रू ४७४००।०० भुक्तानी भएकोमा १० प्रतिशत कर कट्टी दाखिला सहितको ढुवानी भुक्तानीको भरपाई तथा खर्चको प्रमाण पेश नभएकोले भरपाई र दाखिलाको प्रमाण पेश हुनु पर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०९,९३९ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : पन्चेश्वर गाउँपालिका, बैतडी , पन्चेश्वर गाउँपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कृष्ण बहादुर बोहरा | २०७८-१२-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नवराज जोशी | २०७८-१२-२१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,५५२,७०४ | ३,७१४,६५२ | ५,२५०,५७६.१२ | ० | ० | १,४१०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ११,९२७,९३२.१२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ८०,१११ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ११,८४७,८२१.१२ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २९३५९२०३.८५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७२७१५०९५ | चालु खर्च | २४७३८४७१५.१६ |
| प्रदेश सरकारबाट अनुदान | ११७४१००० | पूँजीगत खर्च | ९००२८६४५.१४ |
| राजश्व बाँडफाँट | ७१३३२९६३.४१ | वित्तीय/अन्य व्यवस्था | २२९३६८९७.०६ |
| आन्तरिक आय | ३४०१५७७.१६ | | |
| अन्य आय | १७०४९९९.४८ | | |
| कुल आय | ३६०८९५६३५.०५ | कुल खर्च | ३६०३५०२५७.३६ |
| बाँकी मौज्दात | | २९९०४५८१.५४ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।